मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक २२२ ● २०८१ साल असार १७ गते सोमबार ● Monday 01, July 2024 ● सूर्योदय: बिहान ५:१५ बजे ● सूर्यास्त: साँझ ७:०४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेश सरकारको बजेट प्रणालीमा समस्या



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले निर्माण गरेको बजेटको योजना 'पिएलएमबिआइएस'मा प्रविष्ट गराउनुपूर्व नै प्रणाली ह्याक गरेको विषयले मधेश सरकारको बजेटमाथि प्रश्न उठेको छ । मधेश प्रदेशको चार राजनीतिक दलले नै यसलाई गम्भीररुपमा लिएर छानबिन माग गरेपछि मधेश प्रदेश सरकारको बजेटमा भएको 'इन्टरनेट आक्रमण'ले मधेश तरंगित भएको हो ।

नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादव, जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादव, लोसपाका सचेतक रानीकुमारी तिवारी र राप्रपा मधेशका संसदीय दलका नेता कंचन विच्छाले समिति गठन गरी यस्तो गम्भीर विषयमा छानबिन माग गरेपछि मधेश प्रदेश सरकारको सूचना संयन्त्रबारे पनि प्रश्न उठेको हो । चार दलले मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई बजेटमा भएको त्रुटी तत्काल सच्याउन ध्यानाकर्षण गराएपछि यो विषय अरु पेचिलो बनेको हो ।

'पिएलएमबिआइएस ह्याकरहरुबाट ह्याक गरी बजेट प्रविष्ट गरिएको भन्ने विषयमा स्वयम् मुख्यमन्त्री र मन्त्रीहरुले स्वीकारेको अवस्था छ,' ध्यानाकर्षण पत्रमा भनिएको छ, 'यो सामान्य कमजोरी होइन ।'

नेपाली कांग्रेस संसदीय दलका नेता कृष्ण प्रसाद यादव, जनता समाजवादी पार्टी (जसपा) नेपाल संसदीय दलका नेता सरोज कुमार यादव, लोसपा नेपालकी प्रमुख सचेतक रानी कुमारी तिवारी र राप्रपा नेपाल संसदीय दलकी नेता कञ्चन विच्छाले संयुक्तरुपमा मुख्यमन्त्री सिंहलाई भेटेर ध्यानाकर्षण पत्र बुझाएका हुन् । प्रतिपक्षी दलहरुले मुख्यमन्त्री सिंहसँग तीन सूत्रीय माग राखेका छन् । सरकारी संयन्त्रभन्दा बाहिरबाट बजेट प्रविष्ट भएको विषयमा सत्यतथ्य पत्ता लगाउन संसदीय छानबिन समिति गठन हुनुपर्ने, बजेट पुनर्लेखन गरी प्रदेशसभामा छलफल हुनुपर्ने र बजेट पुनर्लेखन गर्दा सबै संसदीय क्षेत्रमा सन्तुलित बजेट कायम हुनुपर्ने माग उनीहरुको छ ।

दलहरुले आर्थिक वर्ष २०८१–८२ को प्रदेश सभामा पेश भएको बजेट सन्दर्भमा असार १३ गते मुख्यमन्त्रीको कार्यकक्षमा बसेको सर्वदलीय बैठकले पिएलएमबिआइएस ह्याकरहरुबाट ह्याक गरी कार्यक्रम तथा बजेट रकम प्रविष्ट गरिएको एवम् बजेट त्रुटिपूर्ण भएको मुख्यमन्त्री र अर्थमन्त्रीले समेत स्वीकार गरेपछि यसको छानबिन माग गरेका हुन् । दलहरुले बजेटमा भएको यो बदमासीबारे छानबिन समिति गठन गरेर छानबिन माग गरेका छन् । त्यसैगरी बजेट पुनर्लेखन गरी प्रदेश सभामा छलफल गर्न, बजेट पुनर्लेखन गर्दा सबै संसदीय क्षेत्रमा सन्तुलित बजेट कायम गर्न माग गरिएको छ । मधेश प्रदेश सभामा बजेट पुस्तिका गइसकेको अवस्थामा बजेट पुनर्लेखनको माग दलहरुबाट आएपछि मधेश प्रदेश सरकार पनि संकटमा परेको छ । संयन्त्रमै भएको हमलाले सरकारका बजेटबारे अन्यौलता र भ्रम सिर्जना भएको छ । प्रदेश सरकारको संयन्त्रमै भएको हमलाको छानबिन मात्रै होइन, नयाँ बजेट बनाएर प्रस्तुत गर्न चार दलले भनेपछि सरकारलाई चुनौती थपिएको हो ।

## मधेशमा २०.२७ प्रतिशत गरिब

> "मधेशको शिक्षाको स्तर नै कमजोर छ, त्यसमा पनि कमजोर समुदायको व्यक्ति सामुदायिक विद्यालयमा बढी छन् र विद्यालयको अवस्थामा सुधार नआएसम्म मधेशमा गरिबी घटाउने कुरा भाषणबाहेक केही होइन ।



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
संघीयता कार्यान्वयनको करिब ६ वर्ष पुग्दा सरकारले निर्माण गरेका बजेटहरु सामाजिक जीवनस्तर सुधारतर्फ केन्द्रित हुनुका साटो भौतिकतर्फ बढी केन्द्रित रहने गर्दा मधेश प्रदेशमा अपेक्षाकृत गरिबी घट्न सकेको छैन । अहिले पनि मधेश प्रदेशमा करिब २०.२७ प्रतिशत गरिबी देखिएको छ ।

मधेश प्रदेश सरकारले सार्वजनिक गरेको आर्थिक सर्वेक्षणमा प्रदेशको आठ जिल्लामा गरिबीको दर राष्ट्रिय औसतका तुलनामा २०.२७ प्रतिशत छ । मधेश प्रदेशको ग्रामीण क्षेत्रमा २४.७१ प्रतिशत गरिबी दर छ भने मधेश प्रदेशको शहरी क्षेत्रमा २१.७१ प्रतिशत गरिबी दर छ । नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९–८०) अनुसार मधेश प्रदेशमा गरिबीको दर राष्ट्रिय औसत भन्दा बढी छ । गरिबीको दर सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ३४.१६ प्रतिशत र गण्डकी प्रदेशमा सबैभन्दा कम ११.८८ छ । सुदूरपश्चिम प्रदेशमा गरिबीको विषमता सबैभन्दा बढी ८.४१ प्रतिशत र गण्डकी प्रदेशमा सबैभन्दा कम २.३३ प्रतिशत छ ।

त्यसैगरी, गरिबीको गहनता सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा र सबैभन्दा कम मधेश प्रदेशमा छ । नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९–८०) अनुसार मधेश प्रदेश ग्रामीण क्षेत्रमा २४.९६ प्रतिशत गरिबी दर छ भने मधेश प्रदेश शहरी क्षेत्रमा २१.७१ प्रतिशत गरिबी दर छ । गरिबीमा रहेको नेपालको जनसंख्यामध्ये १६.८४ प्रतिशत मधेश प्रदेशको शहरी क्षेत्रमा र ५.७४ प्रतिशत मधेश प्रदेशको ग्रामीण क्षेत्रमा रहेको पाइएको छ ।

संघीय सरकारले अवलम्बन गरेको नीतिगत व्यवस्था र विसं २०८७ सम्म गरिबीको रेखामुनि रहेको जनसंख्या ५ प्रतिशत तथा विसं २१०० सम्ममा शून्यमा झार्ने राष्ट्रिय लक्ष्यअनुरूप मधेश प्रदेश सरकारले गरिबी निवारण लक्षित कार्यक्रम सञ्चालन गर्दै आएको छ । तर यसको प्रभावकारिता भने देखिएको छैन । खास गरी सरकारले ल्याउने गरेको बजेटमा सामाजिक विकासका क्षेत्र थोरै प्राथमिकतामा पर्ने गरेका कारणसमेत समस्या आउने गरेको छ । सरकारले गरिबी घटाउन ठोस नीति र कार्यक्रम लक्षित समुदायतर्फ पुग्न नसकेका कारणसमेत सामाजिक क्षेत्रमा बजेट पुग्न सकेको छैन ।

यसले गरिबी घटन सकेको छैन । जबसम्म बजेटले सामाजिक रुपान्तरणका आयाम छुन सक्दैन तबसम्म गरिबी घट्न नसक्ने जानकारहरुको कथन छ । उनीहरु अहिलेको बजेट निर्माण र प्राथमिकताले मधेशको सामाजिक क्षेत्रमा परिवर्तन सम्भव नरहेको बताउँछन् ।

नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९–८०) अनुसार निरपेक्ष नेपालमा गरिबीको रेखामुनि रहेको जनसख्या २०.२७ प्रतिशत छ । यसैगरी, ग्रामीण क्षेत्रमा निरपेक्ष गरिबी २४.६६ प्रतिशत र शहरी क्षेत्रमा १८.३४ प्रतिशत छ । अर्थशास्त्री डा. भोगेन्द्र झाले संघ र प्रदेश सरकारले बजेट ल्याइसकेको अवस्थामा स्थानीय तहले समेत बजेट ल्याउँदा कतिपयले विवादका कारण ल्याउने चरणमा रहेको तर उनीहरुको बजेट पुस्तिका हेर्दा कतै पनि गरिबी घटाउने कुरा नगरिएको बताउँछन् । यसका लागि बजेटसमेत विनियोजन गरिएको छैन । झाले गरिबी घटाउन प्रतिवद्धता र दृष्टिकोण आवश्यक पर्ने र यसमा राजनीतिक नेतृत्वमा अभाव देखिएको बताए । उनले भने, 'गरिबी घटाउने हो भने बजेट दिनु पर्छ, योजना र दृष्टिकोण निर्माण गर्नु पर्छ, प्रचारबाजी मात्रै गरेर हुन्न ।'

मधेश प्रदेशका प्रदेश सभा सदस्य उपेन्द्र महतोको कथन पनि यस्तै छ । उनले भाषणमा गरिबी घटाउने कुरा गरिए पनि नीति र योजनामा कतै पनि गरिबी घटाउने विषय नआउने गरेकाले गरिबी नघटेको जिकिर गरे । उनले गरिबी घटाउने भए सबैभन्दा पहिला सरकारले आफ्नो नीतिमा सुधार ल्याउनुपर्नेमा जोड दिँदै बिनायोजना र नीतिले सम्भव नरहेको बताए । उनले भने, 'सरकारले भाषणमा त गरिबी घटाउने कुरा गर्छ तर त्यसअनुसारको नीति, रोजगारी दिने माध्यम नै छैन, अर्कातर्फ व्यक्तिलाई स्वरोजगार बनाउने नीति अभाव छ, केबल युवालाई विदेश पठाएर गरिबी घट्न सक्दैन ।'

प्रदेश सभा सदस्य राम अशिष यादवले गरिबी नघटनुको प्रमुख कारण शिक्षा रहेको बताए । उनले मधेश प्रदेशमा साक्षरताको अवस्था कमजोर रहेको र शिक्षा नै कमजोर रहेको ठाउँमा कुनै पनि अवस्थामा गरिबी घट्न नसक्ने बताए । उनले गरिबी घटाउने भए सरकारले समुदायिक शिक्षामा लगानी बढाउनुपर्ने र साक्षरता दरसमेत बढाउनुपर्नेमा जोड दिए । उनले भने, 'मधेशको शिक्षाको स्तर नै कमजोर छ, त्यसमा पनि कमजोर समुदायको व्यक्ति सामुदायिक विद्यालयमा बढी छन् र विद्यालयको अवस्थामा सुधार नआएसम्म मधेशमा गरिबी घटाउने कुरा भाषणबाहेक केही होइन ।' यसमा सरकारले लगानी बढाउनु पर्छ ।

## पूर्व प्रदेश सांसद पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बलका असई थमन विक हत्या अभियोगमा पूर्वप्रदेश सांसद कौशलकुमार यादव पक्राउ परेका छन् । फरार यादवलाई शनिबार राति महोत्तरीको साम्सी गाउँपालिका–५ पोखरीभण्डाबाट पक्राउ गरिएको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी सन्तुलाल जयसवालले जानकारी दिए । उनलाई आइतबार नै जिल्ला अदालत महोत्तरीमा हाजिर गराइएको छ । लोसपाका नेतासमेत रहेका उनी लामो समयदेखि फरार थिए । उनी २०७४ मा तत्कालीन संघीय समाजवादी फोरमबाट महोत्तरी क्षेत्र नम्बर ४ (क) बाट प्रदेश सांसद निर्वाचित भएका थिए । २०७९ को निर्वाचनअघि जसपाले उनलाई पार्टीबाट निष्काशन गरेपछि लोसपाबाट चुनाव लडेका थिए । तर पराजित भए । अदालतमा मुद्दा चलिरहँदा उनी फरार थिए ।

महोत्तरी जिल्ला अदालतले २०८० मंसिर २८ गते असई विक हत्या प्रकरणमा लोसपा मधेश प्रदेश संसदीय दलका नेता अभिराम शर्मासहित सात जनालाई जन्मकैदको सजाय सुनाएको थियो । एमाले प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो र पुर्पक्षका लागि थुनामा रहेका पवन कापरले सफाइ पाएका थिए । यादवसहित १९ जनाको मुद्दा मुल्तबीमा राखिएको थियो । मधेश आन्दोलनका क्रममा २०७२ भदौ २५ गते महोत्तरीमा सशस्त्र प्रहरी बलका असई थमन बिकको हत्या भएको थियो । मुद्दामा २०७५ साउन २८ गते महोत्तरी जिल्ला अदालतमा २८ जनाविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता भएको थियो ।

## बढ्यो इन्धनको मूल्य



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । इन्डियन आयल कर्पोरेसनबाट आइतबार प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोल र डिजेलमा मूल्य बढेर आएपछि निगमले मूल्य बढाएको बताएको छ ।

आइतबार बसेको निगम सञ्चालक समितिको बैठकले सोमबार बिहानदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टितेलको मूल्य बढाएको छ । निगमले पेट्रोलको मूल्य प्रतिलिटर २ रुपैयाँ र डिजेल तथा मट्टितेलको मूल्य प्रतिलिटर ५ रुपैयाँले बढाएको छ । मूल्य बढेसँगै पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगंज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगंजमा पेट्रोलको मूल्य प्रतिलिटर १६४.५० रुपैयाँ र डिजेलको मूल्य १५४.५० रुपैयाँ कायम भएको छ । यस्तै, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङमा पेट्रोलको मूल्य प्रतिलिटर १६६ र डिजेलको मूल्य १५६ रुपैयाँ कायम भएको छ । यस्तै, तेस्रो वर्गअन्तर्गत काठमाडौँ, पोखरा र दिपायलमा पेट्रोलको मूल्य प्रतिलिटर १६७ र डिजेलको मूल्य १५७ रुपैयाँ कायम भएको छ । हवाई इन्धन र खाना पकाउन प्रयोग हुने एलपी ग्यासको मूल्य भने यथावत् रहेको छ ।

## समावेशी मैथिली शब्दकोश निर्माण हुने




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रज्ञा प्रतिष्ठानले गरेको शब्दकोश निर्माणसम्बन्धी दुईदिने कार्यशाला गोष्ठी आइतबार भएको छ । मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडि भ्रमरको अध्यक्षतामा भएको गोष्ठीमा नेपालका चर्चित भाषा वैज्ञानिक डा. रामावतार यादव, भाषा आयोगका अध्यक्ष डा. गोपाल ठाकुर, भाषाविद् डा. दानराज रेग्मीलगायत भाषा विज्ञानका ज्ञाताको उपस्थिति थियो ।

त्यस्तै, विभिन्न तप्का र क्षेत्रबाट प्रतिनिधित्व गर्दै आएका २० जना विद्वानको रचनात्मक उपस्थितिमा अध्यक्ष भ्रमरद्वारा प्रस्तुत अवधारणापत्रकै आधारमा दुई दिनसम्म चलेको कार्यशाला गोष्ठीको प्रथम दिनमा शब्दकोष निर्माणको आवश्यकता र सम्भावित स्वरुपमाथि विमर्श भएको थियो भने दोश्रो दिन आइतबार प्रतिष्ठानले अब बनाउने शब्दकोश समावेशी नै हुने र यो नेपालको लागि नौलौ प्रयोग हुने दाबी गरिएको थियो ।

डा. रामावतार यादवले समावेशी शब्दकोष निर्माणमा गणकको दक्षता महत्वपूर्ण हुने भएकाले उनीहरुलाई प्रशिक्षण व्यवस्था गरिनु पर्ने बताए । डा. दानराज रेग्मीले नेपालको शब्दकोशको इतिहासमा यो शब्दकोश कोशेढुंगा हुने विश्वास व्यक्त गर्दै यसले अन्य क्षेत्रलाई पनि यतातिर प्रेरित गर्ने आशा व्यक्त गरे ।

भाषा आयोगका अध्यक्ष डा. गोपाल ठाकुरले यस्तो महत्वपूर्ण कार्यमा आफ्नो पूर्ण सहयोग र सहकार्य रहने विश्वास दिलाए । गोष्ठीमा मैथिली, भोजपुरी, बज्जिका, मगही, थारु, उर्दू, नेपालीसमेतका भाषाविज्ञको सहभागिता थियो ।

# तराईमा सुख्खा मौसमले दूध उत्पादनमा कमी



**मकवानपुर ।**
सुख्खा मौसमले तराईमा दूध उत्पादन घट्दा हेटौँडा दुग्ध वितरण आयोजनाको दूध सङ्कलन प्रभावित भएको छ । सो आयोजनाले केही महिना अघिसम्म तराई क्षेत्रबाट दैनिक २२ देखि २३ हजार लिटरसम्म दूध सङ्कलन गर्दै आएको थियो । सोही अवधिमा विराटनगरमा धुलो दूध उत्पादनका लागि दैनिक १२ हजार लिटर दूध पठाउँदै आएको थियो ।
हाल दैनिक छ हजार लिटर दूध सङ्कलन गर्ने गरेको छ । सङ्कलित दूध वीरगंज, हेटौँडा र भरतपुरका उपभोक्ताले दैनिक चार हजार लिटर खपत गर्ने गरेको आयोजनाले जनाएको छ । मधेश प्रदेशको सर्लाही, बारा, रौतहट, पर्सा र बागमतीको मकवानपुरसमेत गरी करिब दुई सय दूध उत्पादक सहकारी संस्थाबाट आयोजनाले दैनिक दूध खरिद गर्दै आएको छ । आयोजनाले तराईका चार जिल्ला र बागमतीको मकवानपुर गरी करिब १२ हजार कृषकबाट दैनिक छ हजार लिटर दुध खरिद गरी मासिक एक करोड ५० लाख रुपैयाँ रकम भुक्तानी दिने गरेको हेटौँडा दुग्ध वितरण आयोजनाका प्रमुख राजिव खनालले जानकारी दिए ।
आयोजनाले दैनिक एक हजार लिटर दही, एक हजार किलो घ्यू, एक हजार पाँच सय किलो मखन उत्पादन गर्छ । लालमोहन, पेडा र रसवरी छ सय किलो उत्पादन गर्दै आएको छ । उत्पादित दही, घ्यू, मखन र मिठाइहरु आयोजनाले हेटौँडा, वीरगंज र भरतपुरका उपभोक्तालाई बिक्री गर्ने गरेको आयोजनाले जनाएको छ । हेटौँडा दुग्ध वितरण आयोजनाले बागमती प्रदेशको दूध विकास बोर्ड हेटौँडालाई धुलो दूध उत्पादन गर्न दुई देखि तीन दिनको अन्तरमा दुई हजार लिटर दूध पठाउने गरेको छ ।
बोर्डलाई दूध नपठाइएको दिनमा दुई हजार लिटर दूध आयोजनाले दही, मखन, घ्यू उत्पादनका लागी खपत गर्दै आएको आयोजना प्रमुख खनालले जानकारी दिए । तराईमा बर्षात भएसँगै केही दिन पछिबाट दूध उत्पादन वृद्धि हुने आयोजनाको भनाइ छ । रासस

# चितवनका १७ सय जनामा डेङ्गु सङ्क्रमण




**चितवन ।**
चितवनमा एक हजार सात सय ७१ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ । गत वर्ष साउनदेखि हालसम्ममा परीक्षणका क्रममा उनीहरुमा डेङ्गु सङ्क्रमण देखिएको हो । चितवनका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमा डेङ्गुको सङ्क्रमण देखिएको हो । जनस्वास्थ्य कार्यालय चितवनका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीका अनुसार २३ हजार पाँच सय ७१ जनाको परीक्षणका क्रममा सो संख्यामा डेङ्गु सङ्क्रमित फेला परेका हुन् । सङ्क्रमितमध्ये एक हजार दुई सय ६८ जना चितवनका रहेका छन् । ६ सय ६५ पुरुष र ६ सय तीन महिलामा डेङ्गु सङ्क्रमण देखिएको केसीले जानकारी दिए ।
यस्तै, ठेगना नखुलेका एक सय ३८ र चितवनबाहेकका जिल्लाबाट उपचार गर्न यहाँ आएका तीन सय ६५ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ । एकजनाको उपचारका क्रममा मृत्यु भएको केसीले बताए । सबैभन्दा बढी भरतपुर महानगरपालिकामा ६ सय ६४ जनामा डेङ्गु देखिएको छ । खैरहनी नगरपालिकामा एक सय ८७, माडी नगरपालिकामा २९, रत्ननगर नगरपालिकामा दुई सय ३१, राप्ती नगरपालिकामा ७७, कालिका नगरपालिकामा २६ र इच्छाकामना गाउँपालिकामा ५४ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ ।
डेङ्गु रोग सङ्क्रमण भएको पोथी जातको लमखुट्टेको टोकाइबाट यो रोग सर्ने गर्दछ । यो रोग चितवनमा पहिलोपटक सन् २००४ मा देखिएको हो ।
यसबाट बच्न झूल लगाएर सुत्ने, साँझ–बिहान कपडा लगाएर मात्र बाहिर निस्कने, खाल्डाखुल्डीमा पानी जम्न नदिने, टायर, बोतल र ड्रम नियमित सरसफाइ गर्ने तथा पानी जम्न नदिए डेङ्गु सङ्क्रमण रोकथाम गर्न सकिने केसीले जानकारी दिए । रासस

# नेपाल सुनचाँदी व्यवसायी महासंघको अध्यक्षमा रसाइली




**सञ्जय मिश्रा**
**काठमाडौँ ।**
नेपाल सुनचाँदी व्यवसायी महासंघको चौथो महाधिवेशनबाट भारी मतान्तरका साथ केन्द्रीय अध्यक्षमा अर्जुन रसाइली विजयी भएका छन् । शनिबार काठमाडौँमा सम्पन्न भएको निर्वाचनमा अध्यक्षका उम्मेद्वार अर्जुन रसाइलीले २५० मत प्राप्त गर्दै विजयी भएका हुन् । अर्का अध्यक्ष पदका उम्मेद्वार विपेन्द्र रामुदामु विपिनले १८४ मत प्राप्त गरेका थिए । महासंघको वरिष्ठ उपाध्यक्षमा दियेश रत्न शाक्य विजयी भएका छन् ।
वरिष्ठ उपाध्यक्ष शाक्यले २८३ मत ल्याउँदा उनका प्रतिद्वन्दी मोहनकाजी शाक्यले १४८ मत प्राप्त गरेका थिए । प्रथम उपाध्यक्षमा धर्म सुन्दर बज्राचार्यले २७४ मत प्राप्त गर्दै विजयी भएका छन् । उनका प्रतिद्वन्दी केश बहादुर सुनारले १५९ मत प्राप्त गरेका छनु । द्धितिय उपाध्यक्षमा बुद्धि बहादुर वि.के दियालीले २६४ मत प्राप्त गर्दै विजयी भएका छन् । उनका प्रतिद्धन्दी मान ब.विश्वकर्मा(एम.वि)ले १६६ मत प्राप्त गरे । तृतीय उपाध्यक्षमा रुपदल विश्वकर्मा (राजु धमला)ले २४३ मत प्राप्त गर्दै विजयी भएका छन् । उनका प्रतिद्धन्दी मनोजकुमार साहले १८७ मत प्राप्त गरेका छन् ।
त्यस्तै महासचिवमा किरणभाइ बज्राचार्यले २३३ मत प्राप्त गर्दै विजयी भएका छन् । उनका प्रतिद्धन्दी रविन शाक्यले १३६ मतमा चित्त बुझाउन प¥र्यो । कोषाध्यक्षमा सुदिप श्रेष्ठले २४३ मत प्राप्त गर्दै विजयी भएका छन् । उनका प्रतिद्धन्दी सुबिन बज्राचार्यले १८४ मत प्राप्त गरेका छन् । सचिव दुई जनामा टुलक प्रसाद विश्वकर्मा र निर्मल दियाली विजयी भएका छन् । विश्वकर्माले २३५ मत पाउँदा अर्का उम्मेद्वार २६१ दियालीले मत पाएका थिए । उनीहरुका प्रतिद्धन्दी भीमबहादुर सुनारले १५६ मत प्राप्त गरे भने अर्का उम्मेद्वार राजेन्द्र विश्वकर्माले १६७ मतमा चित्त बुझाउन पर्यो । त्यस्तै सहकोषाध्यक्षमा पद्म सुन्दर शाक्य २६३ मत सहित निर्वाचित भएका छन् । उनका प्रतिद्वन्दी किसन मास्केले १५७ मत प्राप्त गरेका छन् ।
शनिबार भएको निर्वाचनमा ४३५ जना प्रतिनिधिहरुले मतदान प्रक्रियामा भाग लिएका थिए । महाधिवेशनमा ४४६ जना प्रतिनिधिहरु रहेका थिए । २०५३ सालदेखि सुनचाँदी पेशामा संलग्न रसाइली २०६५ सालमा नेपाल सुनचाँदी व्यवसायी संघ चितवन शाखाको अध्यक्ष भएका थिए । नवनिर्वाचित अध्यक्ष रसाइली २०६९ सालमा गठित नेपाल सुनचाँदी व्यवसायी महासंघको तदर्थ समितिको सदस्य समेत रहेका थिए । २०६९ सालदेखिको महासंघको सांगठनिक यात्रामा १२ वर्षमै केन्द्रीय अध्यक्ष हुने अवसर नवनिर्वाचित अध्यक्ष रसाइलीलाई मिलेको छ ।

# वैध कागजातको अभावमा मलेसियामा धेरै नेपाली बन्दी

**काठमाडौँ ।**
वैध कागजातका अभावमा मलेसियामा धेरै नेपाली आप्रवासी श्रमिक पक्राउ परेका अध्ययन प्रतिवेदनले देखाएको छ । प्रवासी नेपाली समन्वय समिति (पिएनसीसी), सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी (सेस्लम) र शोसल साइन्स बहाःको एक अध्ययनले मलेसियामा विभिन्न कारणले कारागार चलान भएका नेपाली आप्रवासी श्रमिकमध्ये ६१ प्रतिशत कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ परेको देखाएको हो । कैदमा रहेकामध्ये कागजपत्रसम्बन्धी ६१ प्रतिशत, सहकर्मी वा रोजगारदातासँग झगडाका आठ प्रतिशत र आपराधिक गतिविधिसम्बन्धी कारणले तीन प्रतिशत श्रमिक पक्राउ परेका अध्ययनले देखाएको छ ।
पिएनसीसीले आइतबार यहाँ पत्रकार सम्मेलन आयोजना गरी 'मलेसियामा ठगी, गिरफ्तारी र थुनामा रहेका नेपाली आप्रवासी श्रमिक' बारे अध्ययन प्रतिवेदन सार्वजनिक गरेको हो । अध्ययनले पिएनसीसीमा सन् २०२० देखि २०२३ सम्म दर्ता भएका सात सय ५८ व्यक्तिका मुद्दाको विश्लेषण गरेको थियो । मलेसियामा नेपाली श्रमिकलाई आप्रवासनको यात्रा अझै पनि जोखिमपूर्ण र शोषणपूर्ण हुने गरेको अध्ययनले देखाएको छ ।

**कैदमा पर्नुका कारण**
रोजगारीका लागि मलेसिया पुगेका नेपाली मुख्यतया कागजातसम्बन्धि समस्या रहेको छ । कैदमा पर्ने ६१ प्रतिशत आवश्यक कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ परेका छन् । कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ परेका ८० प्रतिशत श्रमिक अनुमतिपत्र बाँधिएको



रोजगारदाताकहाँबाट भागेको र त्यस कारण वैध भिसा वा काम गर्ने अनुमतिपत्र नभएकाले नौ प्रतिशत श्रमिक कैद परेका हुन् । नेपालका एजेन्ट वा भर्ना एजेन्सीबाट ठगिएर कागजपत्रविहीन भएर कैद पर्ने तीन प्रतिशत थिए । यस्तै राहदानी वा परिचयपत्र नभएकाले कैदमा पर्नेको संख्या एक प्रतिशत रहेको थियो । कतिपय अवस्थामा रोजगारदाताले राहदानी कागजपत्र नवीकरण नगर्दा श्रमिकलाई सास्ती हुने गरेको छ ।
सार्वजनिक स्थानमा हिँडडुल गर्दा केही कारण प्रहरीले पक्राउ गरे आवश्यक परिचयपत्र र राहदानी देखाउन नसक्ने श्रमिकसमेत कैद परेका छन । रोजगारदातालाई पक्राउबारे जानकारी नहँुदा लामो समय श्रमिक कैदमा परेका मुद्दा पनि छन् । यस्तै, आफ्ना सहकर्मी वा रोजगारदातासँग झगडा गरेर कैद पर्ने नेपाली आप्रवासी श्रमिक आठ, आपराधिक गतिविधिका कारण तीन, हत्या, चोरी, अवैध लागूऔषध बेच्ने, सेवन गर्ने, नक्कली मदिराको बिक्री, जुवा र अपहरणको मुद्दामा कैदमा पर्ने नेपाली श्रमिक धेरै संख्यामा रहेका अध्ययनमा उल्लेख छ ।
अध्ययनअनुसार कैदभित्र पनि नेपाली आप्रवासी ठगिमा पर्छन् । न्यायका लागि सञ्चारसम्म पहुँच नहुने र सहयोग कहाँबाट लिने भन्ने जानकारी नहुने धेरैले कैदमुक्त गर्ने आश्वासनमा ठगिएका छन् । अध्ययनका क्रममा पिएनसीसीमा सन् २०२० देखि २०२३ सम्म दर्ता भएका सात सय ५८ जना कैदमा परेका श्रमिकको तथ्याङ्क विश्लेषण र त्यसमध्ये १३ जनासँग अन्र्तवार्ता गरिएको थियो । वैदेशिक रोजगार विभागको तथ्याङ्कअनुसार सन् २०२२÷२३ मा मलेसियाका लागि दुई लाख १९ हजार तीन सय ५७ जनाले नयाँ श्रम स्वीकृति लिएका थिए । मलेसिया जाने श्रमिकमध्ये अधिकांश मधेश, लुम्बिनी र कोशी प्रदेशका रहेका छन् । त्यहाँ उत्पादन क्षेत्रमा सबैभन्दा बढी ६६ दशमलव छ प्रतिशत, प्राथमिक पेशा, कृषि, चालक, मेसिन अप्रेटरलगायत क्षेत्रमा श्रम गर्दै आएका छन् । सन् २००८ देखि २०२२ सम्म मलेसियामा तीन हजार पाँच सय १९ जना नेपाली श्रमिकको मृत्यु भएको अध्ययन प्रतिवेदनले देखाएको छ ।

**नेपाली श्रमिकले किन छाड्छन् कम्पनी ?**
धेरैजसो आप्रवासी श्रमिकले शोषणकारी रोजगार र रोजगार करारसँग सम्बन्धित समस्याका कारण रोजगारदाता एवम् कम्पनी छोड्ने गरेका छन् । सम्झौताअनुसार काम र सुविधा उपलब्ध नहुँदा रोजगारदाता वा कम्पनी छोडने श्रमिक ५७ प्रतिशत छन् । उनीहरुले सम्झौताभन्दा कम ज्याला र ज्याला चोरीका कारण कम्पनी छोडने गरेको देखिएको छ । रोजगारदातासँगको झगडा, विवाद र अन्यत्र बढी कमाइ हुने अपेक्षाले पनि श्रमिकले कम्पनी छाडने गरेका अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

**भर्ना प्रक्रियामा समस्या**
पिएनसीसीले गुनासो दर्ताको समयमा ७२ दशमलव पाँच प्रतिशत श्रम स्वीकृति नभएको देखिएको उल्लेख गरेको छ । कुल ९७ दशमलव छ प्रतिशतसँग गन्तव्य देशको कागजात अर्थात रोजगार स्वीकृति, भिसा र बसोबास परमिट नभएको पाइएको थियो । यस अध्ययनले श्रमिकले अझै पनि अत्यधिक भर्ना शुल्क तिर्दै आइरहेको देखाएको छ । पिएनसीसीमा सन् २०२० र २०२३ का बीच मुद्दा दर्ता गर्ने मलेसिया गएका ५० प्रतिशत नेपाली आप्रवासी श्रमिकले रु एक लाखदेखि दुई लाखसम्म भर्ना शुल्कवापत तिरेको पाइएको छ । अध्ययनअनुसार झण्डै ८४ प्रतिशत आप्रवासी श्रमिक मलेसिया आप्रवासनका लागि वैदेशिक रोजगार व्यवसायीमा (म्यानपावर कम्पनि) भरपर्ने गरेको देखाएको छ । त्यसका साथै करिव १५ प्रतिशत आप्रवासी श्रमिक व्यक्तिगतरूपमा वा आफन्त वा एजेन्टमार्फत मलेसिया पुगेका छन् । सरकारले वैदेशिक रोजगारीमा गएका नेपालीको घर फिर्तीमा सहजीकरणका लागि गर्दै आएको प्रयास प्रयाप्त नभएको अध्ययनले देखाएको छ । त्यसैले सरकारले अप्ठ्यारामा परेका, काजगपत्र, जेल तथा घरफिर्ती केन्द्रमा रहेका नेपाली श्रमिकलाई स्वदेश फर्काउन कार्ययोजनासहित काम गर्न सुझाव दिएको छ । नेपाली आप्रवासी श्रमिकको सफ्ट सीपमा अभिवृद्धि र स्वदेश फिर्ता भएका आप्रवासी श्रमिकलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउनसमेत प्रतिवेदनले सुझाएको छ । रासस

# अहिलेको आवश्यकता उद्यमशीलता र व्यावसायिकताः ओली

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकको आवश्यकता उद्यमशीलता र व्यावसायिकता भएको बताएका छन् । पार्टीको कृषि तथा पशुपंक्षी विकास विभागद्वारा आइतबार यहाँ आयोजित 'समृद्धिको आधारः सम्मानित किसान र कृषिमा रुपान्तरण' विषयक नीति संवाद कार्यक्रममा अध्यक्ष ओलीले यथास्थितिमा देश अगाडि जान नसक्ने भन्दै उद्यमशीलतामा जोड दिनुपर्ने बताए । 'यथास्थितिमा देश अगाडि जान सक्दैन । त्यसैले अहिलेको आवश्यकता उद्यमशीलता र व्यवसायिकता हो, त्यसमा पनि कृषिको आधुनिकीरणमा जोड दिनुपर्छ, जसबाट रोजगारीका थुप्रै अवसर सिर्जना गर्न सकिन्छ' उनले भने ।
कृषिमा आधारित उद्यमले निर्यातमूलक उद्योगको रुप लिन सक्ने भन्दै अध्यक्ष ओलीले त्यसका लागि कृषिमा आधुनिकीकरण गर्न नीतिगत पहल जरुरी रहेको धारणा राखे ।
उनले भने, 'कृषिको आधुनिकीकरणका लागि ठोस नीति निर्माण हुनुपर्छ । हामीसँग भएको जमिनको उपयोग गरी समाजलाई गरिबीबाट माथि उठाउने योजनासहित काम गर्नुपर्ने आवश्यकता छ, त्यसमा सरकारले ध्यान दिनुपर्छ ।'
अध्यक्ष ओलीले कृषि क्षेत्रबाटै नेपालमा असाधारण परिर्वतन ल्याउन सकिने विश्वास व्यक्त गर्दै त्यसका लागि पाँच वर्षभित्रमा ठोस योजनासहित अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याए ।
'हाम्रो उर्बर माटो बिग्रिँदै गएको छ, जसकारण उत्पादनमा ह्रास आउँदैछ । यो अवस्थामा सुधार गर्दै माटोका अवस्था थप बिग्रिन नदिन लाग्नुपर्नेछ । त्यसैले सरकार साना–साना विषयमा अड्किनेभन्दा पनि मुलुकको समग्र विकासका निम्ति गम्भीर हुनुपर्ने आवश्यकता छ', अध्यक्ष ओलीको भनाइ थियो ।
कार्यक्रममा कृषि तथा पशुपंक्षी विकासमन्त्री ज्वालाकुमारी साहले कृषि क्षेत्रको विकासका लागि जतिसक्दो चाँडो कृषिसँग सम्बन्धित नयाँ ऐन ल्याउन जरुरी रहेको बताइन् । पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले कृषि क्षेत्र राज्य संरक्षित र समाजवादउन्मुख उत्पादन प्रणाली हुनुपर्नेमा जोड दिए । रासस

## प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

**मधेश प्रदेशको सिरहा जिल्ला अन्तर्गत गोलबजार नगरपालिका स्थित गागन खोलाबाट नदीजनय पदार्थ उत्खनन् सम्बन्धी प्रस्तावको प्रारम्भिक वातावरण अध्ययन प्रतिवेदनको तयारी सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८१।३।१७ गते

मधेश प्रदेश अर्न्तगत सिरहा जिल्लाको गोलबजार नगरपालिकाको वडा नं. १ र २ स्थित गागन खोलाबाट नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी प्रस्तावको निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिइएको छ।

| | |
|---|---|
| प्रस्तावककको नाम र ठेगाना | गोल बजार नगरपालिका वडा नं. १ र २ सिरहा, मधेश प्रदेश, नेपाल |
| प्रस्तावको व्यहोरा | मधेश प्रदेशको सिरहा जिल्ला अन्तर्गत गोलबजार नगरपालिका स्थित गागन खोलाबाट नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी कार्य। |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा./गा.पा. | मधेश प्रदेशको सिरहा जिल्लाको गोलबजार नगरपालिका वडा नं. १ र २ का वरिपरिका क्षेत्रहरु |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक-भौतिक प्रणाली, जैविक प्रणाली, आर्थिक-सामाजिक-साँस्कृतिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सारोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

**प्रस्तावक**
वातावरण शाखा
गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिरहा मधेश प्रदेश, नेपाल
☎ ०३३-५४०५००
ईमेल- info@golbazarmun.gov.np

**वातावरण महाशाखा**
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, मधेश प्रदेश
नेपाल
ईमेल- moitfep2@gmail.com

**परामर्शदाता**
चित्राँस मल्टि स्पोर्ट कन्सल्टेन्सी प्रा. लि.
ललितपुर म.न.पा.-३, पुलचौक,
ललितपुर, नेपाल
☎+९७७ ९८४९०८७२०२
ईमेल- chitranshmulticonsult@gmail.com

# वैश्य कल्याण महासंघ धनुषाको कार्यसमिति गठन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
वैश्य कल्याण महासंघ धनुषा जिल्लाको नयाँ कार्यसमिति गठन गरिएको छ । शनिबार गायत्री सेवा सदनमा वैश्य कल्याण महासंघका राष्ट्रिय अध्यक्ष अमरनाथ गुप्ताको अध्यक्षतामा धनुषा जिल्लाको नयाँ कार्यसमिति गठन गरिएको हो । नयाँ कार्यसमितिमा धनुषा जिल्लाको अध्यक्षमा श्याम साहलाई सर्वसम्मत चयन गरिएको छ भने उपाध्यक्षमा श्रीचन्द्र साह कानु, सचिवमा श्यामकुमार साह, सहसचिवमा अमित साह र दिलिपकुमार सुडीलाई कोषाध्यक्ष् मा चयन गरिएको छ । त्यस्तै, सदस्यहरुमा रामस्नेही साह, वेचन साह, इन्दुदेवी साह, अमित साह, विकाश साह, दिनेश साह, विन्देश्वर साह, विनोद साह, रमेश दास, शिवकुमार साह र सुरेश साहलाई चयन गरेको छ ।

# रक्तसञ्चार केन्द्रमा रगतको माग बढ्दो



**मधेशदृष्टि**
**वीरगंज ।**
पछिल्लो समय वीरगंजमा रगतको माग अत्यधिक बढ्दै गएको छ । माग बढेसँगै रक्तसञ्चार केन्द्र वीरगंजमा रगत अभावको समस्या देखिन थालेको छ । रक्तदान कार्यक्रम भइरहे पनि रगतको आवश्यकता बढेको हुँदा परिपूर्ती गर्न कठीनाई भइरहेको रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख सौरभराज पाण्डेले बताए ।

उनका अनुसार, रगतको अभावले गर्दा अस्पतालहरूमा उपचार गराउन कठिनाइ भइरहेको छ ।

रक्तसञ्चार केन्द्र वीरगंजबाट दैनिक ७० देखि एक सय पोइन्ट रगत खपत हुने गरेको छ । जसमध्ये 'बि' पोजेटिभ समूहको रगत मात्रै ५० पोइन्ट खपत हुने गरेको पाण्डेको भनाइ छ । खपत हुने रगत समूहमध्ये आधा भन्दा बढी 'बि' पोजेटिभ रगत हुने गरेको उनले बताए । 'बि' समूहका व्यक्तिलाई केन्द्रमा आएर रक्तदान गर्न पनि उनले अनुरोध गरेका छन् ।

'बि' पोजेटिभसँगै 'ओ' पोजेटिभ, 'एबी' पोजेटिभ रगतको माग हुने गरेको उनले बताए । नेगेटिभ समूहको रगतको माग अत्यन्तै कम हुने गरेको छ । रक्तसञ्चार केन्द्र वीरगंजले विभिन्न संघ संस्था, विद्यालय, कलेजलगायत अन्य सामाजिक समूहहरूलाई रगतदान कार्यक्रम आयोजना गर्न पनि अनुरोध गरेको छ ।

# ट्याक्टरले च्यापिएर चालकको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको हरिवनमा ट्याक्टरले च्यापिएर चालकको मृत्यु भएको छ ।

आइतबार मध्यान्ह खेत जोतिरहेको ट्याक्टरमा च्यापिएर चालकको मृत्यु भएको हो । हरिवन नगरपालिका वडा नम्बर १ पटौनामा धान रोपाईका लागि खेत जोत्दै गरेको ज १ त ५७५७ नं. को ट्याक्टर आफैँ अनियन्त्रित भई पल्टिदा चालक हरिवन नगरपालिका वडा नम्बर २ अत्रौलीका ५० वर्षीय सहदेव राउतको मृत्यु भएको हो । खेतको आली चढाउने क्रममा ट्याक्टर पल्टिदा चालक राउतको रोटाभेटरमा च्यापिएर घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ ।

## माइग्रेसन हराएको सूचना

जनकपुरधाम कुवा बजारदेखि क्याम्पस चौकको बीचमा बाटोमै मेरो निम्न व्यहोरा भएको माईग्रेसन प्रमाण-पत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौक वा तलको मोवाईल नम्बरमा सम्पर्क गरी सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछु ।

नाम : चन्दन कुमार दास
कक्षा-१२
सम्पर्क नं.- ९८१७६८२०१६

# 'कतिबेला बास उठ्ने हो थाहा छैन'

**गोपालप्रसाद बराल**
**महोत्तरी ।**
देशभर मनसुनको प्रभाव बढ्दै जाँदा पहाडी जिल्ला र चुरे क्षेत्रमा वर्षासँगै बाढी आउन थालेसँगै छि खोला नदीहरुमा पानीको सतह बढ्न थालेपछि स्थानीयवासी त्रसित छन् । चुरे शृंखलाबाट निस्कने खोलाहरुमा बालुवा र गेग्रान चुलिँदै जाँदा महोत्तरीका विभिन्न बस्ती डुबानमा पर्ने र निर्मित भौतिक संरचना भत्कने जोखिम बढेसँगै नदी वरपरका वासिन्दा डुबान र कटानबाट हुनसक्ने सम्भावित क्षतिबाट त्रसित बनेका हुन् ।



'ऊ हेर्नोस् न, खोलामा बालुवा थुप्रिएर पुल बराबरजस्तो भइसक्यो' पूर्व–पश्चिम राजमार्गको जिल्लामा पर्ने जङ्गा खोलाको पुल नजिक देखाउँदै बर्दिबास–८ खजुरियाटोलका विश्वराज आले भन्छन्, 'यही अवस्था रहे त हाम्रो बस्तीमा पानी पस्न ठूलो बाढी पनि चाहिँदैन । यस वर्ष भारी वर्षा हुने मौसमविद्हरुको भनाइ सुन्दा ठूलै बाढी आई कतिबेला बस्ती नै उठ्ने हो थाहा छैन ।' बर्खामा आउने खोलाको बाढीले चुरे पहाड र खोल्साखोल्सीको गेग्ग्रान नदी सतहमा थुप्रिँदै जाँदा अहिले कैयौँ बस्ती खोलाको सतहभन्दा गहिरोमा परेका छन् ।

जिल्लाका जङ्गा, बेलगाछी, मरहा, टुटेश्वर, ढोलनखोला र खयरमारासहितका खोला अहिले बालुवा थुप्रिएर उचा हुँदै गएपछि बस्ती डुबानको जोखिममा परेका सर्वसाधारणको चिन्ता बढेको हो ।

'हेर्दाहर्दै खोला माथि देखिन थाल्यो, कसैलाई चिन्ता छैन' राजमार्ग क्षेत्रमै बेलगाछी, मरहा र ढोलन खोलामा थुप्रिएको बालुवा देखाउँदै गौशाला–८ बेलगाछीका मीन रहपाल भन्छन्, 'हामीकहाँ नपरी नचेत्ने बानी परेको छ, क्षति हुन थालेपछि दौडधुप गर्ने ।'

यी नदीहरुको व्यवस्थापन गर्नु जरुरी भएको जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालको निष्कर्ष छ । प्रजिअ गेलाल भन्छन्, 'धेरैजसो नदी नजिकका बस्तीभन्दा उँचो भएका छन्, राजमार्ग नजिक खोलामा बालुवा र गेग्र्यान थुप्रिँदै गएको छ, यसको समुचित व्यवस्थापन आवश्यक देखिन्छ ।' राजमार्ग दायाँबायाँको पाँच सय मिटर क्षेत्रको संरक्षणको मुख्य जिम्मा भएको सडक विभाग, वन सम्बद्ध कार्यालय र सम्बद्ध स्थानीय तहको निर्णायक पहल हुनपर्ने उनको भनाइ छ ।

कतिपय खोलामा पूर्व–पश्चिम राजमार्गका पुल बराबरजस्तो बालु, गेग्र्यानको थुप्रो छ, कैयन बस्ती अहिलेको खोला सतहभन्दा तल रहेका छन् । जिल्लामा कतिपय ठाउँमा मापदण्डको अटेर गर्दै उत्खनन गरिएको र कतिपय नदीमा थुप्रिएको बालुवा, गेग्र्यानको उचित व्यवस्थापन नगरिँदा जोखिम बढेको छ । गेलाल भन्छन्, 'नदीसहितका प्राकृतिक सम्पदाको संरक्षण र उपयोगको नीति अवलम्बन गर्ने मुख्य जिम्मेवारी स्थानीय तहको हो भने वन सम्बद्ध कार्यालय र सडक विभागले यस कार्यमा तदारुकता देखाउन आवश्यक छ ।' खासमा बालुवा, गेग्र्यान थुप्रिएको ठाउँमा उत्खननका स्थापित नियम, कार्यविधि, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन र विज्ञहरुको सुझावको पालना गर्दै यसको व्यवस्थापन जिम्मेवार निकायले गर्नपर्ने हुन्छ ।

रातु नदीमा अनियन्त्रित उत्खननले तटबन्ध, सडक, पुलपुलेसा, जलाधार क्षेत्र र बस्तीहरु बाढीको जोखिममा परेका छन् । रातु नदीमा बढेको अनियन्त्रित उत्खननविरुद्ध बर्दिवासका अधिकांश राजनीतिक दलले सर्वोच्च अदालतमै रिट दायर गरेका छन् । अनियन्त्रित उत्खनन रोकेर यसलाई प्रचलित कानुन, विधि, प्रक्रिया र यसका लागि निर्धारित मापदण्डको पूर्ण परिपालना गर्न/गराउन रिटमार्फत माग गरिएको निवेदकमध्येका नेपाली कांग्रेस महासमिति सदस्य बर्दिबास–१४ का बासिन्दा चिरञ्जीवी हमाल बताउँछन् । दलहरुको सो रिट अहिले अदालतमा विचाराधीन छ । यद्यपि अन्तिम निर्णय नआउन्जेल रातु नदीको उत्खनन हाललाई रोक्न अदालतले प्रारम्भिक आदेश दिएको निवेदकमध्येका नेपाल कम्युनिष्ट पार्टी (एमाले) का मधेश प्रदेश कमिटी सदस्य शङ्कर महतोले बताए । जिल्ला प्रशासन कार्यालय महोत्तरीले पनि यस्तो आदेश आएको पुष्टि गरेको छ ।

खासगरी बर्दिबासमा रातु नदी उत्खननको विषय सधैँजसो विवादित रहँदै आएको छ । रातुको अनियन्त्रित उत्खनन नगर प्रमुख प्रल्हादकुमार क्षेत्रीकै जोडबल र राजनीतिक हैसियतको दुरुपयोगबाट हुने गरेको दलका प्रतिनिधिको कडा आरोप छ । अहिले नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), रास्वपा, जनमत, लोसपा नेपाल र जसपा नेपालसहितका बर्दिवासका राजनीतिक दलका प्रतिनिधिले नगर क्षेत्र हुँदै बग्ने नदीहरुको कुशल व्यवस्थापनको सट्टा रातु खोलामा ठूला खाल्डा बनाएर नदी क्षेत्र कुरुप बनाउँदै लगिएको आरोप लगाउँदै आएका छन् ।

नदीजन्य वस्तु (बालुवा, गिट्टी र ढुङ्गा) उत्खननका स्थापित नियम र विधि भए पनि त्यसको पालना नभएपछि समस्या बढेको नेकपा (माओवादी केन्द्र)का जिल्ला इन्चार्ज बर्दिबास–१ का बासिन्दा राजु खड्काको गुनासो छ । बर्सेनि खोलामा थुप्रिने बालुवा, गेग्र्यान दुवै किनारतर्फ निश्चित नाप छाडेर बहाव क्षेत्रमा तीन फिट गहिरोसम्म खनेर निकाल्न सकिने व्यवस्था छ । उत्खनन गर्नुपूर्व अनिवार्य रुपमा विज्ञको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अध्ययन गरेर त्यसको परिपालना गर्दै अघि बढे कतै समस्या नआउने नेता खड्का बताउँछन् । उत्खनन गरिँदा ससाना यान्त्रिक उपकरणसम्म प्रयोग गर्न सकिने व्यवस्था भए पनि यहाँ (रातु नदी) ठूल्ठूला उपकरण प्रयोग हुँदै आएका खड्काको भनाइ छ ।

यता बर्दिबासका नगर प्रमुख क्षेत्री नगर क्षेत्रका नदीमा भएका उत्खनन अनियन्त्रित वा मापदण्ड विपरीत नभएको बताउँछन् । केही व्यक्तिहरु नगर क्षेत्रमा भइरहेका विकास प्रयत्नमा राजनीतिक आग्रह साध्न रोक्न चाहिरहेका क्षेत्रीको भनाइ छ । उत्खननका लागि सबै कानुनी प्रक्रिया पुऱ्याएर ठेक्का बन्दोबस्त गरिएको, उत्खनन कार्य मापदण्डअनुसार छ÷छैन नियमित अनुगमन गरिएको उनको भनाइ छ । अहिले उत्खननविरुद्ध भएका काम कारबाहीले यहाँका विकास कार्यहरु अवरुद्ध भएको र ठाउँठाउँमा बालुवा, गेग्र्यान थुप्रिएर नदीको सतह बस्ती र सडकभन्दा उँचो हुँदा बर्खामा डुबानसँगै उर्वर जग्गामा बालुवा पुरिएर मरुभूमि बन्ने जोखिम बढेको क्षेत्रीको स्वीकारोक्ति छ ।

रातुबाहेकका अन्य केही नदीमा बालुवा, गेग्र्यान थुप्रिँदै गएर सतह उठ्दै जाँदा कैयन बस्ती, वन क्षेत्र, राजमार्ग र अन्य कैयन संरचना होचिँदै गएका छन् । पूर्व–पश्चिम राजमार्गकै खयरमारा, ढोलन खोला, टुटेश्वर, ढुङ्ग्रे र गढन्ता खोलाका पुल नजिक राजमार्ग छुइने गरी बालु, गेग्र्यान थुप्रिँदै गएको छ । यसले नजिकका बस्ती, सघन वन क्षेत्र, पुल र सडकसहितका संरचना बर्खाकालको बाढीको जोखिममा परेका छन् ।

यता उत्खनन् गर्नेहरु रातुमा केन्द्रित हुँदा यहाँ खनिएका ठूल्ठूला खाल्डाले जमिनमुनिको पानीको सतह गहिरिँदै गएको, नदी क्षेत्र कुरुप बनेको, जथाभावी खनिएका खाडलमा बर्खामा जम्ने पानीमा परेर बर्सेनि मानवीय क्षति बढाएको र माथिल्लो भेगमा कटान र मध्य र तल्लो भेगमा डुबान समस्या बढेको चुरे तथा जलाधारविज्ञ बताउँछन् । 'नदी क्षेत्रमा बर्सेनि उत्खनन गरिनुपर्छ तर यसका निश्चित मापदण्ड छन् । यो मापदण्ड पालना नहुँदा उत्खनन गरिँदा वा नगरिँदा समस्या बढ्ने हो' जिल्लाकै भङ्गाहा–७ का बासिन्दा चुरेविज्ञ डा विजयकुमार सिंह भन्छन्, 'सम्बद्ध स्थानीय तह यसको मुख्य जिम्मेवार हो ।'

चुरे र जलाधार क्षेत्र संरक्षणका क्षेत्रमा लामो अनुभव सँगालेका सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिवासका अध्यक्ष नागदेव यादव राजमार्ग नजिक आएर यसको व्यवस्थापन सोचिनु अवैज्ञानिक हुने बताउँछन् । जिल्लामा राजमार्ग छिचोल्दै तलतिर झर्ने खोलाहरुमा पाँच सयभन्दा माथि संख्याका खोल्साखोल्सी पहाडी शृंखला वरपर मिसिएका छन् । यी खोल्साखोल्सीले बर्खामा बगाएर ल्याउने गेग्र्यानको माथि नै व्यवस्थापन गरिनुपर्ने यादवको भनाइ छ । खोलामा मिसिनुअघि नै खोल्साखोल्सी बाँधेर गेग्र्यान माथि नै थुन्नु वैज्ञानिक हुने यादव बताउँछन् ।

'हामीले रातु नदी क्षेत्रमा राजमार्गमाथि काम गरेका छौँ, रातुमा मात्रै एक सय आठवटा खोल्साखोल्सी मिसिएका छन्' यादव भन्छन्, 'रातुमा मिसनुअघि नै हामीले ६७ वटा खोल्साखोल्सीमा छड्के बाँध बनाएर त्यसको व्यवस्थापन गरेका छौँ, ती बाँधिएका खोल्साखोल्सीबाट बाढीमा बग्ने गेग्र्यानमाथि नै रोकिन्छ, खोलामा झर्न पाउँदैन ।' यसले नदी प्रणाली व्यवस्थापनमा निकै सहज भएको यादवको भनाइ छ । जिल्लाका सबै खोल्साखोल्सीमा यस्तो छड्के बाँध बनाउन सकिए बर्सेनि तलतिरका उर्वर जग्गामा बालुवा थुप्रिने क्रम नियन्त्रण हुँदै जाने उनी बताउँछन् । यस्ता छड्के बाँधले छानिएर तल झर्ने पानी चुरे क्षेत्रमै जम्मा गर्न सके यसले तल्लो भेगसम्म पानी पुनर्भरणमा सघाउने उनको भनाइ छ ।

विज्ञहरुले नदी प्रणाली व्यवस्थापन र नदीजन्य पदार्थको वैज्ञानिक उपयोग नीति अवलम्बनको कुरा उप्काए पनि यहाँ भने त्यसतिर ध्यान कम पुगेको सामाजिक क्षेत्रका अगुवा बताउँछन् । 'विज्ञहरुले चुरे क्षेत्रमै खोल्साखोल्सी व्यवस्थापन गर्न सुझाउँछन् तर यहाँ मुद्दा उत्खननको मात्र बन्छ' बर्दिबास–१४ का सामाजिक कार्यकर्ता हरि दाहाल भन्छन् । चुरे संरक्षणका क्षेत्रमा प्रभावकारी काम गर्न तीनै तहका सरकारले समन्वय गर्नसके ठूलो उपलब्धि हासिल हुने उनी बताउँछन् ।

नदीहरुमा उत्खननका लागि नदीजन्य पदार्थको निकासी ठेक्का बन्दोबस्त समयमा हुन नसक्दा नगरपालिकाले सङ्कलन गर्ने राजस्व गुमेको छ । कैयौँ सरकारी योजनाका निर्माण कार्य समयमा बालुवा, गिट्टी र ढुङ्गा आपूर्ति नहुँदा अलपत्र परेका छन् । यसबाहेक सर्वसाधारणका निजी निर्माण काम पनि बालुवा, गिट्टीको अभावमा रोकिएका छन् । नदी उत्खननको वैधानिक बाटो नचालिँदा नदीजन्य पदार्थ मनपरी मूल्यमा तस्करले बेचिरहेका छन् । नदी उत्खननसँग जोडिएर देखिने विरोध र विवादको वैज्ञानिक समाधान नखोजिँदा समस्या झन् बल्झने गरेको बर्दिबास–१४ का पूर्ववडाध्यक्ष भरतबहादुर हमाल बताउँछन् । अब चाहेर पनि यसपालि असोजअघि बालुवा थुप्रिएका ठाउँको उत्खनन गर्न सकिन्न । असार–१ गतेदेखि भदौ मसान्तसम्म नदी उत्खनन कानुनले नै वर्जित रहेको हुँदा यो समस्या यथावत् नै रहन्छ । रासस

# २४ लाख बढीको भन्सार छलीको सामान बरामद



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट स्थित प्रहरीले २४ लाख रुपैयाँभन्दा बढीको विभिन्न प्रकारको अवैध सामान बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय तथा मातहतका युनिटहरुबाट खटेको गस्ती टोलीले असार १ गतेदेखि १५ गतेसम्म उक्त मूल्य बराबरको भन्सार छलीको सामान बरामद गरेको हो ।

७ लाख ३ हजार ५७९ रुपैयाँ बराबरको लत्ताकपडा, ३ लाख १ हजार ९८० रुपैयाँको किराना तथा खाद्यान,६ लाख ४ हजार ८०० रुपैयाँ बराबरको औषधी, ८ लाख ५० हजार रुपैयाँ बराबरको सुपारी, विभिन्न सवारी साधन गरी कुल २४ लाख ६० हजार ३०९ रुपैयाँ बराबरको अबैध सामान बरामद भएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले जानकारी दिइन् ।

उनका अनुसार बरामद सामानहरू आवश्यक कारवाहीको लागि जिल्ला भन्सार कार्यालय गौर र राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको छ ।

# प्रजनन स्वास्थ्यसम्बन्धी सचेतनामूलक कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको सिद्धार्थ माविमा अध्ययनरत विद्यार्थीहरुलाई प्रजनन स्वास्थ्य र साईबर अपराधका बारेमा जानकारी दिइएको छ । सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्र्तगत आयोजित सचेतनामूलक कार्यक्रमका अवसरमा महिनावारी तथा प्रजनन स्वास्थ्यका बारेमा डा. दिप्ती यादवले प्रशिक्षण दिइन् ।

उनले विद्यार्थीहरुले आफनो बढ्दो उमेरमा प्रजनन स्वास्थ्यका बारेमा यथार्थ जानकारी लिए त्यसले विभिन्न दुषपरिणामबाट बच्न सकिने बताइन् । त्यसैगरी साइबर क्राइम र बाल विवाहका बारेमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब निरीक्षक स्वपनिल देवकोटाले प्रशिक्षण दिएका थिए ।

उनले कसैले सामाजिक सञ्जालमार्फत हिंसा गरेमा अनलाईनबाटै उजुरी गर्न मिल्नुका साथै उजुरीकर्ताको परिचय गोप्य राखिने विषयमा पनि जानकारी गराए । पछिल्लो समय सामाजिक सञ्जालको दुरुपयोग हुने गरेकोमा चिन्ता व्यक्त गर्दै उनले साइबर अपराधका बारेमा विद्यार्थीले थाहाँ पाउन जरुरी रहेको बताए ।

*स्वस्थ्य सबैभन्दा ठूलो उपहार हो, सन्तोष सबैभन्दा ठूलो धन हो, वफदारी सबैभन्दा ठूलो सम्बन्ध हो । – गौतमबुद्ध*

## सम्पादकीय

# नयाँ सरकारको बजेटमा पुरानै गोलमाल

*मधेश प्रदेश सरकारले निर्माण गरेको बजेटको योजनामा ह्याकरहरुले ह्याक गरेर नयाँ र प्रदेश सभामा पारित भएको भन्दा फरक बजेट प्रविष्ट गराएको भन्दै यतिखेर विरोध शुरु भएको छ । बजेट प्रविष्ट प्रणाली ‘पिएलएमबिआइएस’मा सरकारले बजेट प्रविष्ट गराउनुपूर्व नै प्रणाली ह्याक गरेर नयाँ र फरक बजेट प्रविष्ट गराइएको भन्दै मधेश सरकारको बजेटमाथि चार दलले प्रश्न उठाएपछि यसमा समस्या देखिएको हो । दलहरुले उठाएको प्रश्नसँगै तीन गम्भीर सबालले बजेटमा केही न केही त्रुटि देखिएकै छ । अर्कातिर मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह र अर्थमन्त्री भरत प्रसाद साहले नै बजेटमा केही गडबडी भएको सर्वदलीय बैठकमै स्वीकार गरेपछि यसले नयाँ तरंग ल्याएको हो । यसअघि सुदूरपश्चिम प्रदेशमा पनि बजेट छापिएर आउनुपूर्व नै केही दलालले बाहिर लगिदिएपछि सरकारको क्रियाकलापमा प्रश्न उठाइएको थियो । यसैगरी मधेश प्रदेश सरकारको बजेट प्रणालीमै प्रहार गरेर बजेट नै तलमाथि भएको विषय बाहिर आएपछि प्रदेश सरकारको बजेटमाथि प्रश्न उठेको छ ।*

*बजेटमा भएको बदमासीबारे मधेश प्रदेशको चार राजनीतिक दलले गम्भीररुपमा लिएर छानबिन माग गरेका छन् । मधेश प्रदेश सरकारको बजेटमा भएको ‘इन्टरनेट आक्रमण’ले मधेश तरंगित मात्र भएको छैन, नयाँ बजेट बनाएर फेरि पारित गराउन माग भएपछि प्रदेश सरकार पनि नैतिक संकटमा परेको छ । नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादव, जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादव, लोसपाका सचेतक रानीकुमारी तिवारी र राप्रपा मधेशका संसदीय दलका नेता कंचन विच्छाले समिति गठन गरी यस्तो गम्भीर विषयमा छानबिन माग गरेपछि मधेश प्रदेश सरकारको सूचना संयन्त्रबारे पनि प्रश्न उठेको छ । चार दलले मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई बजेटमा भएको त्रुटि तत्काल सच्याउन ध्यानाकर्षण गराएपछि यो विषय अरु पेचिलो बनेको हो । सरकारका मुख्यमन्त्री र अर्थमन्त्रीले नै बजेटमा गडबडी भएको विषय स्वीकारेर सर्वदलीय बैठकमै अभिव्यक्ति दिएपछि यसले तरंग नल्याउने कुरा पनि भएन । अर्कातिर दलाल र ह्याकरहरु कसरी सरकारी संयन्त्रमै प्रहार गरिरहेका छन् भन्ने पनि देखिएको छ । यो विषय छताछुल्ल भएको छ ।*

*बजेट सरकारको हो । बजेट प्रदेश सभाबाट पारित हुनपर्छ । तर यसरी सरकारबाट पारित भएको बजेट नै तलमाथि गर्नसक्ने, प्रणालीमै हमला गर्न सक्ने गरी ह्याकरहरुले शक्ति विकास गर्दा सरकारी संयन्त्र किन कमजोर भइरहेको छ ? अर्कातिर कर्मचारीले बजेटमा बदमासी गरेको भन्दै मधेश प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरुले प्रतिक्रियाहरु दिइरहँदा यसमा ह्याकरहरुको पनि संलग्नता देखिएपछि यसबारे सचेत हुने कि नहुने ? रातो किताबमा छापिएर नआउँदै बजेट बाहिरिने अवस्था त बनेकै थियो । हुँदाहुँदा बजेटमा पनि दलालहरुले ह्याकर प्रयोग गरेर आफू अनुकुलका बजेट बनाउन थालेपछि हाम्रा प्रदेश सरकारहरु कसरी सूचना प्रणालीमा पनि निरीह छन् भन्ने पुष्टि भएको छ । यस्तो गम्भीर अपराधमा कठोर कदम चाल्न प्रदेश सरकार तयार हुन जरुरी छ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# ‘बिर्सिएको वर्ग संघर्ष’ले सम्झाएको समाजवाद

**श्याम रिमाल**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का केन्द्रीय सदस्य तथा केन्द्रीय प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले पार्टीको दसौँ राष्ट्रिय महाधिवेशनको अवसर पारेर ‘बिर्सिएको वर्ग संघर्ष’ नामक राजनीतिक–सैद्धान्तिक–वैचारिक कृति प्रकाशनमा ल्याउनुभएको छ। समय समयमा राजनीतिक विषयमा कलम चलाउँदै आउनुभएका पार्टीका युवा नेता वामपन्थ, समाजवाद, साम्यवाद आदि विषयमा दखल पनि राख्नुहुन्छ।

कृतिमा कम्युनिस्ट सरकार, सत्ता र समाजवाद, आमसञ्चार, सूचना प्रविधि, पुँजीवाद, विद्यार्थी आन्दोलन, नेपाली समाजवादी आन्दोलनका केही सैद्धान्तिक आधार, समाजवाद निर्माणमा वैज्ञानिक चेतना र संस्कृति, संस्कृति निर्माणमा बरालिएको वाम आन्दोलन, पहिलेका र अहिलेका कम्युनिस्टहरूको तुलनात्मक चरित्र र व्यवहार, नेपाली कम्युनिस्ट आन्दोलनको अर्को प्रमुख घुम्तीका रूपमा रहेको एकीकृत समाजवादीको पछिल्लो दस्तावेज जस्ता १२ अध्याय तथा पार्टी अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसालका भूमिका छन्। बर्दिया, बढैयाताल– ६ निवासी अर्याल रत्नराज्य क्याम्पस, भृकुटीमण्डप, काठमाडौँका स्ववियु सभापति, युवा सङ्घ, नेपालका केन्द्रीय सदस्य, नेकपा (एमाले) तत्कालीन भेरी अञ्चल कमिटी सदस्य तथा युवा विद्यार्थी इन्चार्ज एवं केन्द्रीय युवा तथा खेलकुद विभाग सचिवका भूमिकामा पनि रहिसक्नुभएको छ।

वामपन्थी दलका नेता तथा कार्यकर्ता नेतृत्वमा को रहने र कति समयसम्म रहने, प्रौढहरूले नै जीवन रहेसम्म पदमा रहने वा समय आएपछि नेतृत्व हस्तान्तरण गर्ने, नेतृत्व हस्तान्तरणका लागि तन्नेरी पुस्ता पनि सक्षम र सम्हाल्न सक्ने योग्यतामा पुग्नुपर्ने, जनताको बहुदलीय जनवाद वा एक्काइसौँ शताब्दीको जनवाद नौलो जनवाद वा जनतन्त्र वा समाजवादी सिद्धान्त–कार्यदिशा र कार्यक्रम कुन अपनाउने भन्ने बहस र छलफल चलिरहेका बखत युवा नेता अर्याल भने युवा –विद्यार्थी पुस्ता र वर्ग समाजवाद–साम्यवादको सिद्धान्तले पोख्त हुनुपर्ने विचार राखी प्राज्ञिक –सैद्धान्तिक बहसका लागि महाधिवेशनका मुखैमा कृति प्रकाशन गरेर महाधिवेशन प्रतिनिधि तथा नेता–कार्यकर्ताको ध्यान खिच्नतर्फ लाग्नुभयो।

वास्तविक समाजवादी बनी मुलुकमा समाजवाद ल्याउन हरेक क्रान्तिकारी अझ आफूलाई कम्युनिस्ट अथवा समाजवादी भन्नेहरूले समाजवाद, पुँजीवाद, नौलो जनवाद, पुँजीवादी जनवादी क्रान्ति जस्ता शब्दावली र तिनले दिने गूढार्थबारे स्पष्ट हुनु जरुरी छ। अर्यालले कृतिमा ७० वर्षसम्म समाजवादको सिद्धान्तबाट सञ्चालित सोभियत सत्ता कसरी ढल्यो र चीनमा अझै सात दशकसम्म कसरी समाजवाद टिकिरहेको छ भन्ने कुरामा वामपन्थीहरूले राम्रो अध्ययन गर्नुपर्नेमा जोड दिनुभएको छ। विसं २०७२ को ‘नेपालको संविधान’ मा नेपाल समाजवादोन्मुख भनी उल्लेख भए पनि मुलुक अहिले समाजवाद स्थापना गर्ने चरणमा नपुगिसकेको तथा हामी अहिले समाजवादोन्मुख पनि नरहेको स्पष्ट गर्दै यस तथ्यलाई बलियो गरी आत्मसात् नगरीकन नेपाली कम्युनिस्टहरू ठिक ठाउँमा नपुग्ने ठोकुवा पनि गर्नुभएको छ।

कम्तीमा नेपाललाई चाहिने आवश्यक सरसामान नेपालमै उत्पादन गर्ने र नेपाली वस्तुको प्रयोगमा जोड दिने अभियानको नेतृत्व कम्युनिस्टहरूले गर्न सक्नुपर्छ । अहिलेको नेपालका कम्युनिस्ट पार्टीहरू र उनीहरूको क्षमता र चेतना यसभन्दा बढी गर्न सक्ने पनि देखिँदैन। यति मात्रै गर्न सके भने पनि समाजवादोन्मुख समाज निर्माण गर्ने अभियानमा उनीहरूको ठूलो योगदान हुन सक्छ । स्वाधीन अर्थतन्त्र निर्माण र यसका जगमा उभिएको चेतनाले निर्मित कम्युनिस्ट आन्दोलनले मात्र समाजवाद निर्माणको बाँकी कार्यभार पूरा गर्न सक्छ । लेखकले समाजवादका लागि पहिलो कामबारे कम्युनिस्ट नेतृत्व र सरकारको नेतृत्व गरिरहेको वाम सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

विद्यमान आमसञ्चार र नयाँ सूचना प्रविधिले मानिसका दिमागमा पुँजीवादीहरूले चाहेको नयाँ सूचना, नयाँ आविष्कार थोपरिदिएका अवस्थामा समाजवादीहरूले पनि आममान्छेलाई संस्थापनभन्दा फरक विचार प्रवाह गर्ने र पुरातन चेतनाबाट प्रगतिशील चेतनातर्फ अभिप्रेरित गर्ने प्रगतिशील प्रयत्न गर्नुपर्नेमा कृतिमा जोड दिइएको छ।

भ्रमित आमजनतालाई सही ढङ्गले सुसूचित गर्न समानान्तर सूचना प्रणालीमा जोड दिँदै जसको अपेक्षा केवल समाजवादीसँग नै गर्न सकिने लेखकको विश्वास छ । “श्रमजीवी पत्रकारले आफ्नो वर्ग दृष्टिकोणअनुरूप यहाँ (सञ्चारगृहमा) सङ्घर्ष गर्न जरुरी हुन्छ । त्यस्तो प्रकारको सङ्घर्ष सेवा सुविधामा मात्र केन्द्रित होइन, समाचार र विचारको विषयवस्तु प्रसारणमा समेत देखिनुपर्छ”, लेखकले आम पत्रकारको ध्यानाकर्षण गराउनुभएको छ।

लेखकले ‘विद्यार्थी आन्दोलनः विगतको सिकाइ र आजको तयारी’ शीर्षक अध्यायमा नेपाली विद्यार्थीले ‘जयतु संस्कृतम्’ अभियानमार्फत नै राणाशासनविरुद्ध सङ्घर्ष गरेको उल्लेख गर्दै विसं २०३६, २०४६, २०६२÷६३ का आन्दोलनमा नेतृत्वदायी र सहायक भूमिका निर्वाह गरेको तथा विद्यार्थी आन्दोलनबाट नै धेरै राजनीतिक नेताहरू उदाई राष्ट्रिय राजनीतिमा पकड राखेकाले राजनीतिमा संलग्न भई समाजवादी आन्दोलनमा खासगरी वामपन्थी विद्यार्थीलाई अझ धेरै त्याग र बलिदान गर्न आग्रह गर्नुभएको छ । “त्यसका लागि विद्यार्थीले विचारधारात्मक सङ्घर्षदेखि आन्दोलनको निरन्तरतासम्मको अभिभारा बोक्नुपर्ने हुन्छ”, उहाँको सुझाव छ।

एकीकृत समाजवादीका युवा नेता अर्यालले हामीले विरासतमा पाएको संस्कृति र हाल विकसित हुँदै गरेका संस्कृतिका विभिन्न पक्षलाई विज्ञानका कसीमा दाँज्दै त्याग गर्नुपर्ने र विकसित गर्नुपर्ने तथ्यलाई छुट्याउँदै समाजवादी संस्कृति निर्माण गर्नुपर्ने र धर्म–अध्यात्म, यज्ञ–पुराणमा जकडिएको वाम आन्दोलनबाट मुक्त हुन आग्रह गर्नुभएको छ। पुँजीवादी राजनीतिक व्यवस्था र उत्पादन पद्धति कायम राखेर नेपाली सुखी र मुलुक समृद्ध नहुने स्पष्ट गर्दै समाजवाद निर्माणको जोखिम उठाउन सत्ता र सरकारमा नअल्झिएर वर्गसङ्घर्षमा नै जोड दिनुभएको छ। “सत्तासङ्घर्ष होइन, वर्गसङ्घर्षमा जोड दिनुपर्छ। त्यस्तो प्रकारको वर्ग सङ्घर्ष सडक, सदन र सरकारमा देखिने गरी सञ्चालन गरिनुपर्छ । ... अन्यथा हामी विस्तारै बुर्जुवा राजनीतिमा पतन हुनेमा कुनै शङ्का छैन”, लेखकले स्पष्ट गर्नुभएको छ।

गणतन्त्रप्राप्तिपछि कम्युनिस्ट आन्दोलनमा देखा परेको दक्षिणपन्थी विर्सजनवाद, टुटफुट, विभाजन र आन्दोलनको बुर्जुवाकरणलाई एकीकृत समाजवादीको दसौँ राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेज र खासगरी समाजवादी कार्यदिशाले तोड्ने विश्वास गर्दै अर्यालले चालु महाधिवेशन (असार १६–२०) नै नेपाली कम्युनिस्ट आन्दोलनको अर्को एउटा मोड साबित हुन सक्ने विश्वास गर्नुभएको छ।

प्रगतिशील संसद्वाद, पार्टीमा युवा प्रतिनिधित्वको व्यवस्था, आआफ्ना क्षेत्रभित्र पर्ने राजकीय पदहरू सम्बन्धित कमिटीले नै चयन गर्न पाउने नयाँ व्यवस्था, पार्टी बाहिर रहेर विभिन्न क्षेत्रमा योगदान गरेका, कुनै विषयवस्तुमा विशेषज्ञता हासिल गरेका र समाजवादी ध्येय बोकेका व्यक्तिलाई नेतृत्व तहमा लाने तथा तिनका ज्ञान र क्षमतालाई आन्दोलनका हितमा प्रयोग गर्ने बुँदा समेट्दै क्रान्तिको मुख्य ध्येय समाजवादी क्रान्ति नै भएको उल्लेख गरेर पार्टीलाई नयाँ स्पातिलो बनाउने दृढता व्यक्त गरिएको लेखकले जनाउनुभएको छ । एकीकृत समाजवादीको दस्तावेज सिङ्गो कम्युनिस्ट आन्दोलनको अर्को एउटा महान् मोड अर्थात् नयाँ घुम्ती साबित हुने उहाँको विश्वास छ ।

एकीकृत समाजवादीको दस्तावेजमा सबै समाजवादी अटाउन सक्ने लेखकको विश्वास कत्तिको पूर्ण हुन्छ, त्यो त हेर्न बाँकै नै छ। समाजवादको सैद्धान्तिक कृतिमा विद्यार्थी आन्दोलनको वर्णन अहिले बढी नै भएको महसुस हुन्छ। कृतिले वामपन्थी जगत्, युवा र विद्यार्थीको भने ध्यानाकर्षण गर्ने विश्वास गर्न सकिन्छ । कामपा–७, चाबहिल, काठमाडौँका सङ्गीता पाठक र निकिता श्रेष्ठद्वारा प्रकाशित प्रस्तुत कृतिमा सङ्गृहीत विचार पठनीय रहेको र यसले नेपाली कम्युनिस्ट आन्दोलनमा चासो राख्ने जोकोहीलाई पनि आकर्षण गर्न सक्ने विश्वास गर्न सकिन्छ। एक सय ३० पृष्ठ र एक सय रुपैयाँ मूल्यको कृति निकै सस्तो पनि छ। रासस

# पाहुना चरालाई ५० लाखको माछा खुवाउँदै रुपाताल

**वासुदेव पौडेल**

पर्यटकीय राजधानी पोखरा केबल मानव समुदाय घुम्ने पर्यटकीय गन्तव्य मात्रै होइन यो त स्वदेश एवं विदेशका चरा पनि घुम्ने र विचरण गर्ने स्थल हो। तालैतालको सहरको उपमा पाएको पोखरामा नौ ताल रामसार सूचीमा समेत सूचीकृत भइसकेका छन्। यिनै तालतलैयाका कारण पोखरा चरा पर्यटनका लागि पनि आकर्षक गन्तव्य बनेको छ। पोखराका तालतलैयामा बर्सेनि झण्डै तीन सय प्रजातिका विदेशी चरा चीन, साइबेरिया लगायतका देशबाट आउने गरेको पोखरा पन्छी समाजका अध्यक्ष मनशान्त घिमिरेले बताउनुभयो।

प्रत्येक वर्षको हिउँद र वर्षात्का समयमा छुट्टाछुट्टै प्रजातिका चरा पोखराका तालतलैयामा देखिने गरेको उहाँले जानकारी दिनुभयो। “विशेषगरी हिउँदको समयमा सिकारी प्रजातिका चरा पोखराका तालतलैयामा देख्न सकिन्छ, वर्षात्को समयमा कोइली प्रजातिका चरा देख्न सकिन्छ”, उहाँले भन्नुभयो, “साइवेरियालगायत टाढाटाढा विदेशी मुलुकबाट आएका चरा केही समय बिताएर फर्कने गरेका छन्।”

पोखराका रामसार सूचीमा सूचीकृत तालमध्येको एक रुपाताल पनि हो। सुन्दा अचम्म लाग्न सक्छला तर, रुपातालले बर्सेनि झण्डै ५० लाख रुपैयाँ बराबरका माछा विदेशी चरालाई खुवाउँदै आएको छ। साविक लेखनाथ नगरपालिका–१०, ११ र १४ का केही भागले छोएको यस तालमा प्रत्येक वर्षको हिउँदमा आउने जलेवालगायत प्रजातिका चराले ५० लाख रुपैयाँभन्दा बढीको माछा खाएर जाने गरेको रुपाताल पुनःस्थापना तथा मत्स्यपालन सहकारी संस्थाका अध्यक्ष शिवप्रसाद अधिकारीले बताउनुभयो।

“विशेषगरी पुस माघको समयमा करिब तीन महिना साइबेरियालगायत स्थानबाट रुपातालमा आउने करिब दुई सय ५० संख्याका जलेवाको आहारा माछा नै हो”, उहाँले भन्नुभयो, “सामान्यतः एउटा जलेवाले दिनभरिमा आधा किलोसम्म माछा खाने गर्दछ।” रातको समयमा ताल आसपासको जङ्गलमा बस्ने जलेवा बिहान सूर्योदयदेखि सूर्यास्तसम्म तालमा नै रहने र माछा खाने गरेको उहाँले जानकारी दिनुभयो। विगतमा अतिक्रमणमा पर्दै गएकोताललाई संरक्षण गर्ने उद्देश्यका साथ २०५८ सालदेखि सहकारी स्थापना गरी माछापालन गर्दै आयआर्जनसमेत गरिँदै आइएको उहाँले जानकारी दिनुभयो।

सहकारी सञ्चालनमा आएसँगै यसका माध्यमबाट तालको संरक्षण र उपयोगमा जोड दिइएको बताउँदै उहाँले हाल सहकारीमा एक हजार ३० जना आबद्ध भइसकेको बताउनुभयो। सहकारीअन्तर्गत माछा मार्न, चौकीदार, बैंकिङ कारोबार आदिका लागि २४ जनालाई रोजगारी दिन सकिएको सहकारीले जनाएको छ। सहकारीले वार्षिक करिब दुई करोड रुपैयाँ बराबरको माछा उत्पादन गर्न सफल बनेको जनाउँदै उहाँले तालमा रहु, नैनी, कमन, सिल्भर कार्प, तिलापियालगायत जातका माछा उत्पादन हुने गरेको बताउनुभयो। उहाँका अनुसार तालमा करिब २४÷२५ स्थानीय जातका माछा रहेका छन्। रुपाताल पछिल्लो समयमा जलचर, वन्यजन्तु, पर्यावरण अध्ययन अनुसन्धान गर्ने खुला पाठशाला जस्तै बनेको जनाउँदै उहाँले वर्षेनी करिब २५ राष्ट्रबाट अध्ययन अनुसन्धानकर्ता आउने गरेको जानकारी दिनुभयो।

रुपातालमा उत्पादित माछाको बजारका लागि कुनै समस्या नरहेको सहकारीका कर्मचारी रामजी अधिकारीले बताउनुभयो। रुपातालको माछाको माग बढिरहेको जनाउँदै अधिकारीले मागबमोजिम पु¥याउन धौधौ हुने गरेको अनुभव सुनाउनुभयो। तालको संरक्षण र विकासका लागि रुपाताल संरक्षण एकीकृत विकास परियोजनामार्फत पूर्वाधार विकासका काम भइरहेका छन्। परियोजना लक्षित काम सम्पन्न भएसँगै तालको संरक्षण, पर्यटकीय विकास हुँदै स्थानीयको जीवनस्तर बढ्ने विश्वास लिइएको छ।

चरणबद्ध अघि बढ्ने परियोजनाको लागत चार अर्ब ५२ करोड ८८ लाख रुपैयाँ रहेको परियोजनाका सूचना अधिकारी इञ्जिनियर कृष्णबहादुर विकले जानकारी दिनुभयो। उहाँका अनुसार परियोजनाअन्तर्गत जग्गा अधिग्रहणका लागि नौ सय ९५ रोपनी जग्गाको सूचना निकालिएकामा हालसम्म नौ सय ८७ रोपनी क्षेत्रको मुआब्जा वितरण गरिसकिएको छ। मुआब्जा वितरणका साथै तालबेंसीको पुल निर्माण भइसकेको छ भने सडक निर्माण पनि सम्पन्न भइसकेको छ। हाल बाँध निर्माणको काम अघि बढेको उहाँले जानकारी दिनुभयो। बाँध निर्माण भएपछि हाल रहेको पानी सतह छ सय २० मिटरबाट बढेर छ सय २४ मिटर हुने र तालको क्षेत्रफल हालको एक सय २२ हेक्टरबाट बढेर एक सय ८३ पुग्ने उहाँले जानकारी दिनुभयो।

लक्षित योजनाअनुसारको परियोजना सम्पन्न भएसँगै त्यसले तालको संरक्षण र यससँग जोडिएका जैविक विविधता, जलमा आश्रित जीवजन्तुको संरक्षण आदिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ। रुपातालको जलाधार क्षेत्र आसपासका जङ्गललाई समेटेर खुला चिडियाखाना सञ्चालनमा आउनुले पनि यस क्षेत्रको संरक्षण र विकासमा थप योगदान पुग्ने देखिएको छ। पचभैया प्राणी उद्यान केन्द्रका रुपमा सञ्चालित चिडियाखाना बृहत् पोखराको अवधारणाअनुसार यहाँको नयाँ पर्यटकीय आकर्षणका रुपमा साविक लेखनाथ नगरपालिकाका वडा नं ११, १२ र १४ मा रहेका पचभैया, चैनपुर र चापापानी चिसाकुना सामुदायिक वनलाई समेटेर बनाइएको हो। यहाँको एक सय ३४ हेक्टर क्षेत्रफललाई समेटेर पूर्वाधार विकासका कार्यक्रम अघि बढाइएको छ।

चिडियाखाना परिसर एवं रुपाताल क्षेत्रमा चार सय ५० प्रजातिका जीवजन्तु तथा तीन सय ६१ प्रजातिका वनस्पति, एक सय ७५ प्रजातिका जडीबुटी पाइन्छन्। त्यस्तै रुपातालमा २४ प्रजातिका माछाका साथै विभिन्न ३६ प्रजातिका चराका साथै जङ्गल क्षेत्रमा बाघ, मृग, अजिङ्गरजस्ता जनावर पाइन्छन्। यहाँ आउने पर्यटकले यहाँबाट रुपातालको मनोरम दृश्यसँगै चिडियाखानामा चितुवा, नीलगाई, चित्तल, रतुवा मृग, चरी बाघ, अजिङ्गर, सेतो गिद्ध, हिमाली गिद्ध, कछुवा आदिको अवलोकन गर्न पाउँछन्।

रुपा तालमा मोती उत्पादनको पनि सम्भावना देखिएको छ। यसअघि लामो समयको प्रयाससँगै बेगनासस्थित मत्स्य अनुसन्धान केन्द्रले यहाँका तालमा मोती उत्पादनको सम्भावनालाई प्रमाणित गरेसँगै रुपातालमा पनि मोति उत्पादन गर्ने सोच अघि बढाइएको सहकारीका अध्यक्ष अधिकारीले बताउनुभयो। उक्त विषयलाई हाल परीक्षणका रुपमा अघि बढाइएको बताउँदै उहाँले परीक्षण सफल भएसँगै मोतिखेतीसमेत गरिने जानकारी दिनुभयो। रासस

# एकीकृत समाजवादीप्रति जनताको विश्वास बढेको छः नेपाल



**काठमाडौँ ।**
नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले आफ्नो पार्टी संविधान र गणतन्त्रको रक्षाका लागि स्थापना भएकाले देशभरका जनतामा विश्वास बढेको बताएका छन् । दशौँ राष्ट्रिय महाधिवेशनलाई आइतबार यहाँ सम्बोधन गर्दै उनले अहिले पनि लोकतन्त्र खतरामा रहेको बताए । पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले जनताको अधिकार स्थापित गर्न आत्मविश्वासका साथ पार्टीलाई जनतामा केन्द्रित गर्नुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले यस पार्टीले लोकतन्त्रको रक्षा तथा मुलुकको राष्ट्रिय राजनीतिमा महत्वपूर्ण भूमिका निर्वाह गरेको स्मरण गरे । उनले उक्त पार्टीमा रहेका अनुभवी नेताहरुले आगामी दिनमा राष्ट्रिय राजनीतिमा सही दिशानिर्देश गर्नुपर्नेमा जोड दिए । एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले जनवादी र समाजवादी क्रान्तिबारे जानकारी दिँदै राष्ट्रको विकास तथा सुशासनका लागि सबै दलहरुले एकआपसमा प्रतिस्पर्धा गर्नुपर्ने बताए । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आमजनता र नेतृत्वका बीचमा मत फरक भएपछि समस्या आउने गरेको धारणा राख्दै दलहरु जनताप्रति जवाफदेही हुनुपर्ने विचार व्यक्त गरे । रोजगारी वृद्धि गर्न, शिक्षा, सहकारीलगायतका राष्ट्रिय समस्या समाधानमा सबै दल एकजुट हुनुपर्ने उनको भनाइ थियो ।

जनता समाजवादी पार्टीका अध्यक्ष अशोक राईले हजारौँ सहिदको बलिदानबाट प्राप्त अहिलेको व्यवस्थालाई कमजोर हुन नदिनुपर्ने बताए । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले लोकतन्त्रमाथि स्वेच्छाचारी, कमिसन, भ्रष्टाचार बढ्दै गएकाले त्यसको न्यूनीकरण गर्न संविधान संशोधन गर्नुपर्ने विचार व्यक्त गरे । जनमत पार्टीका अध्यक्ष सिके राउतले लोकतान्त्रिक आन्दोलनमा एकीकृत समाजवादीका नेताहरुको ठूलो योगदान रहेको बताउँदै समाजवादी आदर्श अवलम्बन गर्ने नेताहरुले सोहीअरूप आचरण सरल बताउनुपर्ने बताए ।

जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि विशेष परिस्थितिमा गठित पार्टीले देश र जनताको सेवामा क्रियाशील रहन सुझाव दिए । नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रन्जिता श्रेष्ठले सम्पूर्ण राष्ट्रको विकास तथा जनताको समृद्धिका लागि पार्टीभित्र नयाँ वैचारिक दृष्टिकोण महाधिवेशनबाट पारित हुने विश्वास व्यक्त गरिन् ।

नेपाल कम्युनिष्ट पार्टीका महासचिव एवं समाजवादी मोर्चाका संयोजक नेत्रविक्रम चन्द ‘विप्लव’ले राष्ट्रिय स्वाधिनता बलियो बनाउन सबै दलहरुबीच सहमतिको खाँचो औँल्याए । लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष सर्वेन्द्रनाथ शुक्लाले जनताको सामाजिक आर्थिक रुपान्तरणका लागि संविधान संशोधन आवश्यक रहेको बताए । रासस

# लोकतन्त्रवादी राष्ट्रिय शक्ति एकताबद्ध हुनुपर्छः प्रधानमन्त्री




**काठमाडौँ ।**
प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले जनताका आशा एवम् अपेक्षा पूरा गर्न सम्पूर्ण लोकतन्त्रवादी राष्ट्रिय शक्ति एकताबद्ध हुनुपर्ने बताएका छन् । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को १०औँ राष्ट्रिय महाधिवेशन उद्घाटन समारोहमा उनले देशका अगाडि देखापरेका समस्या समाधानका लागि राष्ट्रिय सहमतिको आवश्यकता रहेको बताए ।

प्रधानमन्त्री दाहालले परिवर्तनको आन्दोलनमा योगदान गरेका नेताले जनअपेक्षा पूरा गर्न फेरि एकपटक सङ्कल्प लिने जरुरी रहेको बताए । उनले भने, ‘आन्दोलनका नेताले अझ ठूलो परिवर्तनका निम्ति एवम् नेपाली जनताको आशा, अपेक्षा पूरा गर्न फेरी एकपटक सङ्कल्प लिन र एकताबद्ध हुन जरुरी छ ।’

सबै लोकतन्त्रवादी एवम् देशभक्त शक्ति राष्ट्रिय स्वाधिनता, भौगोलिक अखण्डताको रक्षा एवम् राष्ट्रिय आत्मसम्मानका निम्ति एकठाउँमा उभिन जरूरी रहेको आवश्यकता औँल्याउँदै प्रधानमन्त्री दाहालले नेपाली जनताको लामो सङ्घर्ष र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझ बढी परिमार्जन गर्न केन्द्रित हुन आह्वान गरे ।

देशमा केही हुँदैन भन्ने भाष्य सिर्जना गर्न खोजिएको उल्लेख गर्दै अध्यक्ष दाहालले निराशा र अतिवादी प्रवृत्तिलाई परास्त गर्दै क्रान्तिकारी आशावादी विचार र सही राजनीतिक कार्यदिशा विकास गरेर कम्युनिष्ट एकता, राष्ट्रिय एकता एवम् राष्ट्रको समुन्नतिका निम्ति स्पष्ट कार्यक्रम लिएर अगाडि बढ्न एकीकृत समाजवादीलाई सुझाव दिए । ‘देशमा केही भएको छैन, केही छैन, केही हुँदैन, पार्टीहरू सबै खतम छन्, नेताहरू सबै खतम छन् भन्ने भाष्य बनाउन खोजिएको छ, त्यो भाष्य मेरो विचारमा प्रतिक्रियावादी र प्रतिगमनकारी भाष्य हो’ उनले भने, ‘भ्रष्ट्राचार अभियानलाई निस्तेज पार्ने किसिमका प्रचारवाजी गरिएका छन्, यो गलत छ, त्यसकारण राम्रा कामलाई राम्रो भन्न सक्नुप¥यो, नराम्रालाई नराम्रो भनेर आलोचना गर्नुप¥यो ।’

हरेक चिज निरन्तर परिवर्तनको प्रवाहमा हुने विश्वास व्यक्त गर्दै अध्यक्ष प्रचण्डले परिस्थितिअनुरूप विश्लेषण गरेर अगाडि बढ्न आग्रह गरे । उनले भनिन्, ‘एकता, सङ्घर्ष र रूपान्तरणसहित नेपालको कम्युनिष्ट आन्दोलन अगाडि बढेको छ, यसमा हामी भुक्तभोगी नै छौँ । हामी द्वन्द्वात्मक भौतिकवादमा विश्वास गर्छौं, त्यसैले अतितमुखी होइन, भाविष्यमुखी भएर सोच्छौँ । हामी निराशावादी होइन, आशावादी भएर सोच्छौँ । क्रान्तिकारितासहितको आशावादिता कम्युनिष्टको विशेषता हो ।’

एकीकृत समाजवादी र माओवादी केन्द्र एउटै मोर्चामा बसेर सकेसम्म एउटै पार्टी बनाउने प्रयास भइरहेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले देशका सबै देशभक्त र क्रान्तिकारी एकताबद्ध भएर जनताको आवश्यकता र चाहनालाई सम्बोधन गर्न लाग्नुपर्नेमा जोड दिए ।

उनले सुशासन, सामाजिक न्याय र समृद्धिको आकांक्षालाई सम्बोधन गर्नका लागि पनि एकताबद्ध भएर अगाडि बढ्नुको विकल्प नभएको बताए । रासस

# संसद्लाई सत्ताको जोडघटाउ गर्ने स्थल नबनाऔँः दाहाल



**काठमाडौँ ।**
राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले संसद्लाई सत्ताको जोडघटाउभन्दा माथि राखेर जनताका आवाज बुलन्द गर्ने र समृद्ध नेपाल निर्माणका लागि आवश्यक कानुन निर्माण गर्ने थलोका रूपमा विकास गर्नुपर्नेमा जोड दिएका छन् । संसद् दिवसका अवसरमा आइतबार जारी गरेको शुभकामना सन्देशमा अध्यक्ष दाहालले जनताका प्रतिनिधिहरूको सर्वोच्च थलो संसद्मा विविध विचार, दर्शन र राजनीतिक दलहरूको प्रतिनिधित्व रहने उल्लेख गर्दै हाल नेपालमा विभिन्न समयमा भएका सशक्त र सशस्त्र आन्दोलनका बलमा हामी गणतन्त्रात्मक सङ्घीय शासन प्रणालीको प्रक्रियामा रहेका बताएका छन् ।

सन्देशमा उनले संसद्को गरिमालाई उच्च बनाउन र विधिको शासनप्रति इमान्दार रहन हामी सबैले संसद् दिवसका अवसरमा सामूहिक प्रतिबद्धता व्यक्त गर्नुपर्नेमा जोड दिएका छन् । अध्यक्ष दाहालले जनतालाई वास्तविक लोकतन्त्रको अनुभूति गराउन र परिवर्तनको आभास दिलाउनसके मात्रै संसद् दिवस मनाउनुको सार्थकता हुने बताए । संसद् दिवसका अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी दाजुभाइमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना गर्दै सन्देशमा उनले लोकतन्त्र प्राप्तिका लागि भएका विभिन्न ऐतिहासिक जनस¬ङ्घर्ष, जनयुद्ध र जनआन्दोलनमा आफ्नो जीवन उत्सर्ग गरेका महान् सहिदहरूप्रति श्रद्धाञ्जलि व्यक्त गरेका छन् । साथै सङ्घर्षका क्रममा बेपत्ता भएका तथा घाइते भई अपाङ्गता जीवन बिताइरहेका सम्पूर्ण योद्धाहरूप्रति उनले सम्मान व्यक्त गरेका छन् । नेपालमा संसदीय अभ्यास शुरु भएको यस दिनले संसदीय सर्वोच्चता, विधिको शासन र लोकतन्त्रप्रति अझ इमान्दार, प्रतिबद्ध र जिम्मेवार बन्न जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज र पत्रकारलगायत सबैलाई प्रेरणा दिने विश्वास अध्यक्ष दाहालले सन्देशमा व्यक्त गरेका छन् ।

मुलुकमा प्रजातन्त्र स्थापना भएपछिको २०१५ सालमा भएको पहिलो आमनिर्वाचनबाट गठित संसद्को पहिलो बैठक बसेको दिन २०१६ असार १६ गतेलाई संसद् दिवसका रूपमा मनाउन थालिएको हो । मुलुकमा संसद्को पहिलो बैठक बसेको दिनको स्मरणमा हरेक वर्ष विविध कार्यक्रम गरी संसद् दिवस मनाउने गरिएको छ । संसद् स्थापनाको स्मरण गर्दै आइतबार सङ्घीय संसद् र परामर्शदातृ संस्था पूर्वसांसद मञ्चले विविध कार्यक्रम आयोजना गरेको थियो । पहिलो संसद्ले २०१६ असार १९ गते नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराईलाई सभामुखमा निर्वाचित गरेको थियो । उनी २०१७ साल पुस १ गतेसम्म सभामुखको भूमिकामा क्रियाशील थिए । २०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रले दलविहीन पञ्चायती व्यवस्था घोषणा गरेपछि जननिर्वाचित संसद् भङ्ग भएको थियो । देशको संसदीय इतिहास अन्य मुलुकको तुलनामा नयाँ होइन । पहिलो संसद्को निर्वाचन भएको छ दशकभन्दा बढी भएको छ । बलियो संसद् लोकतन्त्रको आधारशीला भएको बताउँदै राजनीतिक विश्लेषकहरूले संसद्लाई लोकतन्त्रको मन्दिरका रूपमा लिनुपर्ने बताएका छन् । उनीहरूका अनुसार लोकतान्त्रिक संसद्को आधारभूत चरित्र भनेको पारदर्शी, जनउत्तरदायी र समावेशी आवाजलाई प्रतिनिधित्व गर्ने हो । रासस

# ‘संसद् कानुन बनाउने मात्र नभई राष्ट्र निर्माण गर्ने थलो हो’




**काठमाडौँ ।**
प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले संसद् कानुन बनाउने मात्र नभई राष्ट्र निर्माण गर्ने थलो भएको बताएका छन् । ६६औँ संसद् दिवसका अवसरमा पूर्वसांसद मञ्च नेपालको आयोजना तथा सङ्घीय संसद् सचिवालयको समन्वयमा आइतबार यहाँ आयोजना गरेको कार्यक्रममा उनले संविधान कार्यान्वयन र कानुन कार्यान्वयनका विषयमा सरोकारवाला निकायसँग छलफल गर्नुपर्नेमा जोड दिए । ‘कानुन बनाउने निकाय गम्भीर भएर सरोकारवालासँग बृहत् बहस र छलफल जरुरी छ’, सभामुख घिमिरेले भने । संसद्मा सरकारले ल्याएका विधेयकलाई छलफल गरेर पारित गर्ने परिपाटी भएको उल्लेख गर्दै उनले आफैले अध्ययन गरेर कानुन बनाउने काम सांसदले गर्नसकेमा महत्त्वपूर्ण हुने बताए । पूर्वसांसद मञ्चले समय समयमा आफ्ना महत्त्वपूर्ण धारणा सार्वजनिक गर्दै आएको र त्यो राज्यका लागि हितकर भएको सभामुख घिमिरेको भनाइ थियो । पहिलो संसद्देखि अहिलेसम्म गरेका कामको महत्त्वपूर्ण सामग्रीको अभिलेखिकरण गर्ने काम गरिरहेको उनले जानकारी दिए । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले नेपाली जनताको भावनाको प्रतिनिधित्व गर्ने स्थान संसद् नै भएकाले जनतासँग निर्वाचनमा गरेका वाचा पूरा गर्न सधैँ लाग्नुपर्नेमा जोड दिए ।

‘संविधान कार्यान्वयन महत्त्वपूर्ण पक्ष हो, त्यसको कार्यान्वयन कानुनबाट हुन्छ”, उहाँले भन्नुभयो, “कानुन बनाउने निकाय संसद् हो, सांसद पनि सधैँ त्यतिकै गम्भीर हुनुपर्छ ।’ सदनलाई गतिशील बनाउन सदा क्रियाशील हुनुपर्ने र त्यसका लागि सांसद र पूर्वसांसद दुवैको उत्तिकै योगदान रहने अध्यक्ष दाहालले बताए । उपसभामुख इन्दिरा रानाले सदनलाई प्रभावकारी बनाउन सांसद र पूर्वसांसद मिलेर विचारविमर्श गर्नुपर्ने तथा आवश्यक विज्ञ चाहिएमा पूर्वसांसदको ज्ञानको प्रयोग गर्नुपर्नेमा जोड दिइन् । राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले संसद्लाई व्यवस्थित र मर्यादित बनाउन सांसदहरूको महत्त्वपूर्ण भूमिका हुने उल्लेख गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन गर्दै जनताको समृद्धिमा ध्यान दिन जरुरी रहेको बताइन् । उनले सङ्घीय संसद्ले बनाएका कानुन र व्यवस्थाको प्रभाव सातै प्रदेशसभामा पनि पर्ने स्पष्ट पारिन् । पूर्वसभामुख दमननाथ ढुङ्गानाले संसद्लाई प्रभावकारी बनाउन सबैभन्दा जिम्मेवार प्रधानमन्त्री र प्रमुख प्रतिपक्ष बन्नुपर्नेमा जोड दिँदै संविधानको पालना गरेर संसद्लाई सशक्त बनाउनुपर्ने बताए । पूर्वसभामुख अग्निप्रसाद सापकोटाले संविधान कार्यान्वयन गराउने प्रमुख भूमिका संसद्को भएकाले कानुन निर्माणदेखि जनताका सवालमा ध्यान दिनुपर्ने बताए । पूर्वसभामुख तारानाथ रानाभाटले संसद्मा आएपछि जनप्रतिनिधि र जनताका विषयमा ध्यान दिनुपर्ने तथा संसदीय गतिविधि राम्रो बनाउन प्रधानमन्त्री र प्रतिपक्षी दल अझ सशक्त बन्नुपर्ने सुझाव दिए । सङ्घीय संसद्का महासचिव पद्मप्रसाद पाण्डेको संसद्लाई व्यवस्थित र प्रभावकारी बनाउन पूर्वसांसद मञ्चको भूमिका महत्त्वपूर्ण भएको बताए । सङ्घीय संसद्को स्थापना २०१६ असार १६ गते भएको थियो । सोही दिनको स्मरणमा दिवस मनाउन थालिएको हो । मञ्चका अध्यक्ष ओमकारप्रसाद श्रेष्ठले राज्यलाई आवश्यकपर्ने सुझाव दिने तथा पूर्वसांसदको स्वास्थ्य उपचारमा ध्यान दिन आग्रह गरे । रासस

# तराई मधेशका लागि चुरे क्षेत्र बाँच्ने आधारः मुख्यमन्त्री

**मोरङ ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले तराई मधेशका लागि चुरे क्षेत्र जीवनको बाँच्ने आधार भएको बताएका छन् । राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन एकाइ, सलकपुर मोरङद्वारा आइतबार विराटनगरमा आयोजित चुरे संरक्षण प्रदेशस्तरीय स्रोत परिचालन तथा समन्वय समितिको प्र्रथम संयुक्त बैठकको उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले चुरे क्षेत्रमा रहेका खोला, नदीका ढुङ्गागिट्टी जथाभावी निकासी भइरहेकामा त्यसको रोकथाम गरी जलवायु, वातावरणमा पर्ने असरलाई न्यूनीकरण गर्नुपर्नेमा जोड दिए । ‘चुरे क्षेत्रको विनाशबाट समाज एवं समुदायमा पर्ने असरका सम्बन्धमा तराई क्षेत्रका नागरिकलाई सचेत गर्न जरुरी छ’ उनले भने ।

प्रदेश र स्थानीय तहले खोला र नदीको अनुगमन गर्न आवश्यक भएकामा मुख्यमन्त्री कार्कीले जोड दिए । कानुन बनाएर जिल्ला समन्वय समितिलाई चुरे क्षेत्रको संरक्षणको जिम्मा दिनुपर्ने उनले सुझाव दिए ।

मुख्यमन्त्री कार्कीले ‘चुरेको माटो चुरेलाई, चुरेको पानी तराईलाई’ भनाइ चरितार्थ गर्न सबैको दायित्व तथा कर्तव्य भएको उल्लेख गरे । पर्यटन, वन तथा वतावरणमन्त्री एवं चुरे संरक्षण प्रदेश स्रोत परिचालन समितिका संयोजक नारायण मगर (बुर्जा)ले खोला नदीको खनिज पदार्थको अवैध चोरी–निकासी नियन्त्रण गरी तराई मधेसलाई मरभूमि हुनबाट जोगाउनुपर्ने बताए ।

सो अवसरमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका अध्यक्ष डा किरण पौडेलले चुरे संरक्षणमा तीन तहबीच समन्वय तथा सहकार्यको आवश्यकता, चुरे संरक्षण प्रदेश स्रोत परिचालन समितिकी सहसंयोजक डा सुस्मिता ढकालले चुरे संरक्षणसम्बन्धी विधेयकको मस्यौदा र कार्यक्रम कार्यान्वयन इकाइ सलकपुर मोरङका निमित्त कार्यालय प्रमुख काशी यादवले ‘नेपालमा चुरे क्षेत्रको विद्यमान अवस्था र संरक्षणका प्रयासहरु’ विषयक प्रस्तुति प्रस्तुत गरेका थिए । बैठकमा मोरङ, सुनसरी, इलाम, सिरहा, सप्तरी, झापा र उदयपुरका जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, डिभिजन वन कार्यालयका प्रमुखहरु र स्थानीय तहका प्रमुखको सहभागिता रहेको थियो । रासस

# ‘सार्वजनिक ऋण उत्पादनमूलक काममा खर्च’

**काठमाडौँ ।**
अर्थमन्त्री वर्षमान पुनले सार्वजनिक ऋणलाई उत्पादनमूलक काममा लगाउन सरकार सचेत रहेको बताएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा राष्ट्र ऋण उठाउने विधेयक, २०८१ माथिको दफाबार छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री पुनले सार्वजनिक ऋणलाई उत्पादनमूलक काममा लगाएर रोजगारी वृद्धिमार्फत् समृद्धि हासिलको यात्रामा सरकार अग्रसर भएको बताए ।



मन्त्री पुनले वित्त आयोगको सिफारिसका आधारमा खर्च परिचालन तथा ऋण व्यवस्थापन गर्दै आएको जानकारी गराउँदै विकास सहायता कार्यक्रम सम्झौता गर्दा कार्यान्वनसम्बन्धी योजनासँगै समावेश गर्ने नीति लिइएको स्पष्ट गरे । उनले राजस्व परिचालबाट मात्रै खर्च व्यवस्थापन गर्न नसकिएकाले आन्तरिक र बाह्य ऋण लिनुपरेको उल्लेख गर्दै सार्वजनिक ऋण वाञ्छनीय सीमाभित्रै रहेको जनाए । उनले नयाँ विकास साझेदार नीति लिइएको पनि अवगत गराए । त्यस्तै, प्रतिनिधिसभाले राष्ट्र ऋण उठाउने विधेयक, २०८१ पारित गरेको छ । प्रतिनिधिसभाको आइतबारको बैठकमा अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत गरेको ‘राष्ट्र ऋण उठाउने विधेयक, २०८१ लाई पारित गरियोस्’ भन्ने प्रस्ताव बहुमतले पारित गरेको हो । उक्त विधेयकमाथि सांसद प्रेम सुवालले संशोधन प्रस्ताव राखेका थिए । उनले राखेको संशोधन प्रस्तावलाई प्रतिनिधिसभाका बहुमत सदस्यहरुले अस्वीकृत गरेका थिए । त्यस्तै, आइतबारको प्रतिनिधिसभाबाट आर्थिक विधेयक, २०८१ पारित भएको छ । बैठकमा अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत गरेको ‘आर्थिक विधेयक, २०८१ लाई पारित गरियोस’ भन्ने प्रस्ताव बहुमतबाट पारित भएको हो । उक्त विधेयकमाथिको छलफलमा सांसदहरु प्रेम सुवाल, डा प्रशाकशरण महत, दीलेन्द्रप्रसाद बडू र किरणकुमार साहले भाग लिएका थिए । छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री पुनले करका कानुनलाई वैज्ञानिक एवं लगानीमैत्री र पारदर्शी बनाउन आर्थिक विधेयकमा सामान्य हेरफेरको प्रस्ताव गरिएको बताए । त्यसअघि उक्त विधेयकमाथि सांसद सुवाल र महतले राखेको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत गरेको थियो । रासस

# नेप्से परिसूचक आरोलो



**काठमाडौँ ।**
साताको कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले घटेको छ । आइतबार नेप्से परिसूचक १४ दशमलव ८३ अङ्कले घटेर दुई हजार ३७ दशमलव ०९ को विन्दुमा कायम भएको छ । आइतबार विभिन्न तीन सय २० कम्पनीको ९१ लाख ७८ हजार आठ सय ९५ कित्ता शेयर ५० हजार नौ सय ५२ पटक खरिदबिक्री हुँदा तीन अर्ब ६० करोड ७१ लाख ९८ हजार चार सय सात रुपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

आइतबारको कारोबारमा वित्त समूह शून्य दशमलव ३४ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ०३ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ शून्य दशमलव ७०, विकास बैङ्क शून्य दशमलव ८०, होटल तथा पर्यटन शून्य दशमलव ४०, जलविद्युत् एक दशमलव ०६ र लगानी समूह शून्य दशमलव ६६ प्रतिशतले घटेको छ । त्यसैगरी, जीवन बीमा समूह शून्य दशमलव ४५, लघुवित्त एक दशमलव ३७, म्युचुअल फन्ड शून्य दशमलव १५, निर्जीवन बीमा शून्य दशमलव २८, व्यापार शून्य दशमलव ३१ र अन्य समूह शून्य दशमलव ९५ प्रतिशतले घटेको छ ।

आइतबार सबैभन्दा धेरै मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर मूल्य सात दशमलव ०६ र मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ७६ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ३० प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको १२ करोड ८८ लाख ७४ हजार एक सय ५४ रुपैयाँ बराबरको कारोबार भएको छ । त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सानिमा इक्विटी फन्डको दुई लाख २९ हजार दुई सय १० कित्ता शेयर किनबेच भएको छ । रासस

# बेसारखेतीबाट वार्षिक ४५ करोडभन्दा बढीको बिक्री

**सुनसरी ।**
धरान उपमहानगरपालिका–२० का कृषक व्यावसायिक बेसारखेतीतर्फ आकर्षित भएका छन् । व्यावसायिकरूपमा बेसारखेतीमा लागेका धरान उपमहानगरपालिका–२० विष्णुपादुकाका तुलसिङ राईले बेसारखेतीबाट राम्रै आम्दानी गरिरहेको बताए । उनले २०४५ सालदेखि बेसारको खेती गर्दै आएका छन् । गत वर्षको तुलनामा यस वर्ष बेसारको राम्रै मूल्य रहेकाले आम्दानी पनि राम्रै भइरहेको उनी सुनाउँछन् । उनले वर्षमा चारदेखि पाँच क्विन्टलसम्म बेसार उत्पादन गर्दै आएका छन् । जसबाट वार्षिक दुई लाखदेखि तीन लाख रुपैयाँसम्म आम्दानी हुने गरेको छ । अहिले बजारमा बेसार खुद्रा मूल्य प्रतिकेजी दुई सय ८० रुपैयाँदेखि तीन सय रुपैयाँसम्ममा बिक्री हुने गरेको छ ।

बेसार उत्पादक तुलसिङले भने, ‘मैले चार कठ्ठा जग्गामा बेसारखेती गरेको छु, तीन÷चार पटक गोडमेल गर्नुपर्छ, मेहनतअनुसारको आम्दानी पाएकाले खुसी छु ।’ यहाँ उत्पादित बेसार धरान–१७ को मङ्गलबारे बजार, धरान कृषि बजारदेखि पोखरा, काठमाडौँ, लहान तथा छिमेकी मुलुक भारतलगायतका ठाउँहरुमा जाने गरेको छ । व्यावसायिक रूपमा बेसारखेती गर्दै आएका अर्का किसान धरान उपमहानगरपालिका–२० का तिलक राई मौसमले साथ दिएको अवस्थामा बेसारखेतीबाट राम्रै आम्दानी हुने गरेको बताउँछन् । ‘चार÷पाँचकठ्ठा जमिनमा बेसारखेती गर्दै आएको छु, वार्षिक चार क्विन्टलभन्दा बढी बेसार उत्पादन हुने गरेको छ, यसबाट तीन लाख रुपैयाँभन्दा बढी आम्दानी हुन्छ’ उनले भने ।

धरानको विष्णुपादुकामा यस क्षेत्रमै सबैभन्दा धेरै बेसारखेती हुन्छ । ४१ वर्षदेखि बेसारखेती गर्दै आएका राईले भने, ‘बेसार उत्पादन गर्दा मेहनत धेरै लाग्छ, हलोले जोत्न मिल्दैन, आफैँले कुटो, कोदालो लगाएर खन्नुपर्ने हुन्छ । पहाड जस्तो ठाउँमा गिटी, ढुङ्गा र बालुवा मात्र हुन्छ, खन्न निकै साह्रो हुन्छ, तर मेहनतअनुसार मूल्य राम्रै भएकाले दुःख बिर्सन्छु, खुसी हुन्छु ।’

सोही ठाउँका अर्का किसान पदम राईले पनि बेसारखेती गरिरहेका छन् । यस क्षेत्रका उनी पुराना किसान हुन् । उनी पनि वार्षिक तीनदेखि चार लाख रुपैयाँ यसै खेतीबाट आम्दानी गर्न सफल भएका छन् । बढीमा १० क्विन्टल बेसार उत्पादन गरेर उपभोक्ताको घरसम्म बेसार पु¥याउने काम सजिलो छैन, यो मेरो पुख्र्यौली खेती हो, उनको प्रतिक्रिया छ ।

विष्णुपादुकामा उत्पादित बेसार बजारीकरणका लागि धरानको कृषि बजारलाई दिएको र त्यहाँबाट भारतसम्म निर्यात हुने गरेको धरान उपमहानगरपालिका–२० का वडाध्यक्ष पदम लिम्बुले बताए । अध्यक्ष लिम्बुका अनुसार हाल विष्णुपादुकामा बेसारखेती गर्ने दुईसयको हाराहारीमा किसान छन् ।

उनीहरुले गर्ने बेसार, अदुवाखेतीमा किरा लाग्ने, कुहिने समस्या देखापर्न थालेपछि त्यसको समस्या समाधानका लागि कृषि विज्ञको सल्लाहअनुसारको कीरा र रोग नियन्त्रण गर्ने औषधि किसानलाई प्रदान गरिँदै आएको जानकारी दिए । विष्णुपादुकाबाट धरान बजार पुग्न केही समय लाग्ने भएकाले विष्णुपादुका नजिकै रहेको बजार भञ्ज्याङ भन्ने ठाउँमा बजारको व्यवस्था गरेर किसानको सहजताका लागि छिट्टै सुरु गरिने वडा अध्यक्ष लिम्बुको भनाइ छ ।

विगतको तुलनामा चालु आर्थिक वर्षमा बेसारको मूल्य बढेको धरान कृषिउपज बजार व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण भट्टराईले बताए । उनले भने, ‘विशेषगरी बेसार धरान उपमहानगरपालिका–२० बाट धेरै आउने गरेको छ भने पहाडी जिल्ला तेह्रथुम, पाँचथर, खोटाङ, धनकुटा लगायतबाट पनि बेसार बोकेर किसान आउने गरेका छन् । बेसार चैत, वैशाखमा सिजन हुने भएकाले त्यो समयमा धेरै आउने र यही सिजनमा वार्षिक दुई हजार चार सय मेट्रिकटनसम्म बेसार बिक्री हुने गरेको तथ्याङ्क छ ।’ विसं २०८० असार मसान्तदेखि गत जेठ सम्ममा धरान उपमहानगरपालिका–१३ कृषि बजारबाट जम्मा ४५ करोड रुपैयाँको बेसार बिक्री भएको अध्यक्ष लक्ष्मण भट्टराईले बताउँदै यसको निर्यातमा सरकारको सहयोगको आवश्यकता रहेको बताए । पछिल्लो समयमा बेसार भान्सामा मात्र सीमित नरहेर सौन्दर्यकरण, बिहेमा हल्दी लगाई कार्यक्रममा पनि खपत भइरहेको पाइएको छ । रासस

# पाँच वर्षपछि किसानले पाए अण्डाको लागत मूल्य



**चितवन ।**
यहाँका किसानले पाँच वर्षपछि अण्डाको लागत मूल्य पाएका छन् । पछिल्लो पाँच वर्षयता लागत मूल्य कायम नहुँदा किसानले घाटा बेहोर्नु परेको थियो । किसानको समस्या समाधानका लागि विज्ञ समूह बनाएर अण्डाको वास्तविक लागत मूल्य खोजी गरिएको थियो । उक्त समूहले अण्डाको लागत १६ रुपैयाँ ५६ पैसा लागत मूल्य निकालेको थियो । गत हप्तादेखि किसानले प्रतिक्रेट (३० वटाको) ठूलो चार सय ९५ रुपैयाँ र मध्यम चार सय ७० रुपैयाँ पाउन थालेका छन् । नेपाल लेयर्स कुखुरा पालक सङ्घका अध्यक्ष विनोद पोखरेलले किसानले पाँच वर्षपछि लागत मूल्य पाएको बताए । ‘विसं २०७६ मा किसानले लागत मूल्य हाराहारी पाएका थिए । त्यतिबेला अण्डाको मूल्य प्रतिक्रेट चार सय पाँच रुपैयाँ पुगेको थियो ।’ त्यसपछिका दिनमा कोरोना महामारी, बर्डफ्लूलगायतका कारण किसानले लागत मूल्य पाउन नसकेको उनको भनाइ छ ।

विसं २०७९ असोजमा देशभरका लेयर्स कुखुरा पालक किसान भेला भएर सङ्घ गठन गरी बजारीकरण अभियान सुरु गरिएको थियो । त्यतिबेला अण्डाको मूल्य प्रतिक्रेट दुई सय ३० रुपैयाँ थियो । उक्त मूल्यमा अण्डा बिक्री गर्दा धेरै किसानले घाटा बेहोरेका थिए । उनका अनुसार ७५ प्रतिशत लेयर्स कुखुरा पालक किसानले पेसानै छाडेको अवस्था थियो । उनले भने, ‘हामी सङ्गठित रुपमा नलागेको भए अहिले दैनिक करोडौंको अण्डा बाहिरबाट ल्याउनुपर्ने बाध्यता हुन्थ्यो ।’

नेपाल कुखुरा व्यवसायी मञ्चका निवर्तमान अध्यक्ष राजेन्द्र लामिछाने लामो समयपछि किसानले लागत मूल्य पाएको बताए । पछिल्लो समय किसानले व्यावसायिक रुपमा ठूलो संख्यामा कुखुरा पालन गरेकाले माग धानिरहेको उनको भनाइ छ । हाल अहिले ५० लाख लेयर्स कुखुरा रहेको र दैनिक २५ लाखभन्दा बढी अण्डा उत्पादन भइरहेको उनले जानकारी दिए । कुनै समय ६० लाख कुखुरा पुगेका थिए । किसान नै पेसाबाट बिमुख भएकाले कुखुराको संख्या घटेको उनले बताए । चितवन उद्योग सङ्घका निवर्तमान अध्यक्ष त्रिलोचन कँडेल किसान सङ्गठित भइ प्रधानमन्त्री, मन्त्री, सचिवलगायतका सरोकारवालाको ध्यानाकर्षण गराएका कारण अण्डाको अवैध आयात घटेको बताउँछन् । साथै पछिल्लो समय ऋणको ब्याजदर घट्दा पनि किसानलाई राहत पुगेको हो । उनले भने, ‘हाम्रो दुई वर्षको अथक प्रयासपछि किसानमा आशा पलाएको छ । पेसा व्यवसाय छोड्छु भनेकाहरुले समेत ऋण गरेर पुनः व्यवसायमा फर्किने तयारीमा छन् ।’ रासस

# तेह्र हजारभन्दा बढी अफगानी आप्रवासी फिर्ता



**एएनआई**
**इस्लामाबाद ।**
इरान र पाकिस्तानबाट गत हप्ता १३ हजार ४४७ जना अफगानी आप्रवासीलाई स्वदेश फिर्ता पठाएको ‘द खामा प्रेस’ले जनाएको छ ।

तालिबान नेतृत्वको मन्त्रालयका अनुसार महिला र बालबालिकासहित कुल शरणार्थीमध्ये १० हजार २२५ लाई इरानबाट र तीन हजार २२२ लाई पाकिस्तानबाट फिर्ता गरिएको थियो ।

अफगानी आप्रवासीहरू तोरघुन्डी, स्पिन बोल्डक, इस्लाम काला र मैत्री पुल जस्ता सीमाबाट अफगानिस्तान फर्केको मन्त्रालयले विस्तृत जानकारी दिएको छ । हालैका महिनामा पाकिस्तान र इरानबाट अफगान आप्रवासीहरूको फिर्ती तीव्र रूपमा बढेको छ ।

दुवै देशले उचित आवासीय कागजात नभएकाहरूलाई अफगानिस्तानमा फिर्ता पठाएको दाबी गरेको द खामा प्रेसले जनाएको छ । केही निर्वासित आप्रवासीहरूले वैध निवास कागजातहरू भए पनि उनीहरूलाई प्रहरीले हिरासतमा लिएको र जबरजस्ती अफगानिस्तान फिर्ता गरेको आरोप लगाएका छन् । धेरै अफगान आप्रवासीहरूले आफ्नो शिविरमा इरानी प्रहरीले दुब्र्यवहार गरेको उदाहरणसहित दस्तावेज तयार पारेका छन् ।

पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले यसअघि अफगानिस्तानसँगको सिमानामा अन्तर्राष्ट्रिय कानुन कडाइका साथ लागु गर्ने इच्छा व्यक्त गरेका थिए । यी घटनाक्रमबीच, अफगानिस्तानले हजारौँ आप्रवासीहरूको जबरजस्ती फिर्तीबाट बढेको गम्भीर मानवीय संकटको सामना गरिरहेको छ । यो अवस्थाले अफगानी शरणार्थीहरूको अधिकार र सुरक्षाको रक्षा गर्न जारी मानव अधिकारको उल्लङ्घन र चुनौतिहरूलाई प्रकाश पार्छ ।

# रोहित, कोहलीद्वारा अन्तर्राष्ट्रिय टी–२० खेलबाट सन्यास

**एएफपी**
**नयाँदिल्ली ।**
दक्षिण अफ्रिकालाई हराउँदै भारतीय टोलीले टी–२० विश्वकपको उपाधि जितेको छ । सन् २०१३ को च्याम्पियन्स ट्रफीपछि भारतले बार्बाडोसमा भएको फाइनलमा सात रनको रोमाञ्चक जित निकाल्दै शनिबार रातिको खेलमा उपाधि जितेको हो । जीतपछि भारतको नीलो जर्सी लगाएका समर्थक खुशीको आँसु झार्दै फाइनल खेल भएको खेलमैदानमा नाचेका दृष्य मनमोहक देखिन्थे ।



भारतले पछिल्लो पटक सन् २०११ मा घरेलु मैदानमा महेन्द्र सिंह (एमएस) धोनीको कप्तानीमा विश्वकप जितेको थियो । धोनीले सन् २००७ मा पहिलो संस्करणमा टिमलाई टी–२० विश्वकपको ट्रफी दिलाएका थिए । स्टार ब्याट्सम्यान विराट कोहलीले ५९ बलमा ७६ रन गर्दै भारतलाई ७ विकेटको क्षतिमा १७६ रनमा समेटेका थिए । बेल्जियमबाट दिल्ली भ्रमणमा रहेका ३४ वर्षीय सफ्टवेयर व्यवसायी अभिषेक भगतले एएफपीसँग भने, ‘यो विश्वबाहिरको अनुभूति हो । मैले सन् २००७ मा बाल्यकालमा यो अनुभव गरेको थिएँ । त्यसपछि सन् २०११ मा र अहिले फेरि सन् २०२४ मा पनि भारतले जितेको छ । यो लामो प्रतिक्षापछिको जीत हो ।’

शनिबारको खेलमा आफ्नो म्यान अफ द म्याच उपाधि जितेका ३५ वर्षीय कोहलीले भाषणमा अन्तर्राष्ट्रिय टी–२० खेलबाट सन्यासको घोषणा गरे । कप्तान रोहितले पनि कोहलीको घोषणालगत्तै भारतका लागि टी–२० म्याचबाट सन्यास लिने घोषणा गरेका हुन् । पहिलो पटक विश्वकपको फाइनल खेलेको दक्षिण अफ्रिकालाई अन्तिम पाँच ओभरमा ३० रन चाहिएको अवस्थामा लक्ष्य भेट्टाउन तयार देखिए पनि भारतीय बलरले उपाधिका लागि खेललाई आफ्नो पकडमा राख्न सफल भएका थिए । गुयानामा भएको सेमिफाइनलमा भारतले डिफेन्डिङ च्याम्पियन इंग्ल्याण्डलाई पराजित गरेको थियो । रोहित सन् २००७ मा टी–२० विश्वकपको पहिलो संस्करणमा भारतका लागि खेलेका थिए भने कोहलीले सन् २०११ मा धोनीको कप्तानीमा एकदिवसीय विश्वकप उपाधि भारतले जितेको थियो । त्यसको दुई वर्षपछि धोनीको टिमले ५० ओभरको च्याम्पियन्स ट्रफीको फाइनलमा आयोजक इङ्ग्ल्यान्डलाई हराएको थियो तर प्रशंसकले अर्को ठूलो उपाधिका लागि ११ वर्ष कुर्नुपरेको थियो । भारत सन् २०१९ को एकदिवसीय विश्वकप र सन् २०२२ को टी–२० विश्वकपको सेमिफाइनलमा पराजित भएको थियो । रासस

# सामुदायिक वनमा दश हजार बिरुवा रोपियो



**झापा ।**
पर्यावरण जोगाउँदै मानव–हात्ती द्वन्द्व घटाउन अर्जुनधारा नगरपालिका–३ मा फलफूलका १० हजार बिरुवा रोपिएका छन् । जुकेखाडी सामुदायिक वनले उक्त ती बिरुवा रापेको हो । सामुदायिक वनको सात सय ४९ हेक्टर क्षेत्रफलमध्ये प्राकृतिक पोखरीसमेत रहेको दमार र गैडे आहाल क्षेत्रको ११ हेक्टरमा बिरुवा रोपिएका वन समितिका अध्यक्ष मोहन श्रेष्ठले बताए । ‘एक उपभोक्ता एक बिरुवा’ अभियानअन्तर्गत दुई दिनमा सयौँ उपभोक्ताले आँप, केरा, बाँस, उखु, भुइँकटहर, बडहरलगायत फलका बिरुवा रोपिएको उनले जानकारी दिए ।

जिल्लाको उत्तरी भेगमा जङ्गली क्षेत्र छ । जहाँ भारतबाट बर्सेनि आउने सयौँ हात्ती विचरण गरेर फर्किने गरेका छन् भने दुई दर्जनको संख्यामा रहेको रैथाने जङ्गली हात्तीले यही जङ्गललाई बासस्थान बनाउने गरेका छन् । हात्तीबाहेक जङ्गलमा बस्ने बाँदरबाट पनि जङ्गल नजिकका बासिन्दा पिरोलिँदै आएका छन् । अहिले रोपिएका फलफूलका बिरुवा हुर्किएपछि बाँदर पनि आहारको खोजीमा गाउँ नआउने स्थानीयवासीले ठानेका छन् । जङ्गली जनावर जङ्गलमै रमाउन् र उनीहरूलाई आहारको कमी नहोस् भन्ने सोचका साथ फलफूलका बिरुवा रोपिएको हो । आगामी वर्ष २० हजार बिरुवा रोप्ने योजना रहेको उनले बताए । हाल जङ्गलमा हात्ती र बाँदरका खानलायक बोटबिरुवा मासिइसकेका कारण समस्या भएको छ । दिउँसो जुकेखाडी जङ्गलमा बस्ने भोका हात्ती राति आहारको खोजीमा गाउँ आउँदा मानव–हात्ती द्वन्द्व हुने भएकाले ती बिरुवाले हात्तीलाई जङ्गलमै अल्मल्याउने जुकेखाडी सामुदायिक वन समितिका उपभोक्ता दिपीन राईले बताए ।

उनले भने, ‘आहारको खोजीमा बस्तीमा पसेर हात्तीले दुःख दिने गरेका छन् । जङ्गलमा नै आहार पाएपछि ती गाउँ पस्न छाड्छन्, यसो हुँदा मानव–हात्ती द्वन्द्व घटाउन सहयोग पुग्छ ।’ समितिका अध्यक्ष श्रेष्ठका अनुसार सामुदायिक वनमा तीन हजार पाँच सय ५८ उपभोक्ता छन् । जङ्गलमा बिरुवा रोप्न सामुदायिक वनका उपभोक्ता आफैँले घरबाट बिरुवा सङ्कलन गरेका थिए । जिल्ला डिभिजन वन कार्यालयले थप तीन हजार बिरुवा दिने भएको समितिले जनाएको छ । उक्त कार्यालयका प्रमुख मेघराज राईले जिल्लाका सबै सामुदायिक वनले आ–आफ्ना क्षेत्रमा हात्तीलाई मनपर्ने केरा, बासँलगायत बिरुवा रोप्ने गरेका जानकारी दिए । वन कार्यालयको पनि उनीहरूलाई बिरुवा उपलब्ध गराएर सहयोग गर्ने नीति रहेको उनले बताए । रासस

# डेङ्गु नियन्त्रणमा सबैको जिम्मेवारी आवश्यकः घिमिरे



*डेङ्गु रोग डेङ्गी भाइरसबाट सङ्क्रमित एडिज जातका लामखुट्टेको टोकाइबाट सर्दछ । एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडोमा पनि हुर्कन सक्छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)को पछिल्लो तथ्याङ्कअनुसार यही जुन १ देखि २८ सम्म ७२ जिल्लामा डेङ्गु सङ्क्रमण पुगिसकेको अवस्था छ । डेङ्गु सङ्क्रमणको अवस्था, रोकथाम तथा नियन्त्रणमा सरकारको तयारी लगायतका विषयमा इडिसिडीका निर्देशक डा यदुचन्द्र घिमिरेसँग राससकर्मी बुनु थारुले गरेको कुराकानीको सम्पादित अंशः*

**डेङ्गु देखिन सुरु भइसकेको छ, अहिले सङ्क्रमणको अवस्था के छ ?**
नेपालमा पहिलोपटक सन् २००४ मा डेङ्गु देखिएको हो । पछिल्लो ट्रेन्डअनुसार दुई तीन वर्षमा महामारीका रुपमा देखिँदै आएको छ । डेङ्गु सङ्क्रमित लामखुट्टेका माध्यमबाट स्वस्थ्य मानिसलाई टोक्दा यो रोग सर्छ । पानी पर्न सुरु भएसँगै अब सङ्क्रमणको सम्भावना पनि सुरु भइसक्यो । हाल तथ्याङ्क हेर्दा भने ७२ वटा जिल्लामा एक हजार तीन सय ४४ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भइसकेको छ ।

**विशेषगरी डेङ्गु कहिलेदेखि बढी देखिने गर्दछ ?**
जुनबेला तापक्रम बढ्छ, पानी पर्छ, अनि पाँच सात दिन पानी जम्मा भएर लामखुट्टेको जीवनचक्र पूरा भएपछि त्यो लामखुट्टेको सङ्ख्या बढी हुन्छ । जब मनसुन अगाडि बढ्छ त्यसरी नै सङ्क्रमण बढ्ने हो । लगातार पानी परिराख्यो भने सङ्क्रमण त्यति बढ्न पाउँदैन किनकी पानी एकै ठाउँमा जम्मा भइरहने अवस्था हुँदैन । नेपालमा असारदेखि कात्तिकसम्म डेङ्गु सङ्क्रमणको सम्भावना बढी हुन्छ । दुई तीन वर्षको अन्तरालमा महामारी देखिने भन्नुभयो ? तर २०२२ मा ८८ जना र २०२३ मा डेङ्गुले २० जनाको ज्यान लियो, यस वर्ष महामारीको सम्भावना कस्तो रहन्छ ? केही अघिल्ला वर्षको ट्रेन्ड हेर्दा दुई तीन वर्षको अन्तरालमा देखिन्छ । तर त्यो समग्रमा भनेको होइन । जस्तो कुनै ठाउँमा पहिले नै महामारी फैलिसकेको छ भने अर्को पटक त्यहाँ देखिन नसक्ला । तर हामीले रोकथामका उपायहरु कति अपनाउछौँ भन्ने विषय पनि जोडेर हेर्नुपर्छ जस्तो लाग्छ । कुन ठाउँमा बढी देखिन सक्छ भनेर ‘म्यापिङ’ गरेका छौँ । कसैलाई लक्षणरहित पनि डेङ्गु देखिन सक्छ । लक्षण देखिएर समस्या भएपछि जाँच गराउन आउने हुन्छन् त्यसैले पनि सबै सङ्क्रमितको संख्या गणना हुँदैन । डेङ्गुका पाँच वटा प्रकार हुन्छन् । पहिला एउटा देखिसक्यो भने अर्को पटक अर्के प्रकार देखिन सक्छ जुन घातक हुन सक्दछ ।

**डेङ्गु नियन्त्रण रोकथामका लागि कस्तो तयारी भएको छ ?**
लामखुट्टे नियन्त्रण गर्न सचेतना फैलाउन उत्तिकै महत्वपूर्ण छ । नियन्त्रण गर्न कस्ता उपयाहरु अपनाइरहेका छौँ भन्ने मुख्य विषय हो ? सचेतनाका कुरा हेर्दा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अपिल गरिरहेको छ । हामीले पनि विभिन्न माध्यमबाट सचेतना फैलाइरहेका छौँ । सातै वटा प्रदेशका सचिवहरु तथा स्वास्थ्य निर्देशनालयसँग विभिन्न अभियानकालागि छलफल भएको छ । स्थानीय निकायले लामखुट्टेको बासस्थान ‘खोज्ने र नष्ट’ गर्ने अभियानमा बढी जोड दिनुपर्छ । साथै टायर, गमलाको फुलदानीमा जमेका पानी हटाउनेलगायतका कुराहरु पनि छन् । यस्ता यावत अभियान सञ्चालन गर्नका लागि स्थानीय तहसम्म पुग्ने गरी प्रदेशसँग समन्वय गरेका छौँ । बिरामी भएपछि जति छिटो उपचार भयो सर्ने सम्भावना कम हुन्छ । उपचारमा पनि कमी हुन दिने छैनौँ । विज्ञहरुसँग छलफल गरेर अगाडि कसरी बढ्ने भन्न विषयमा पनि राय लिने काम पनि गरिरहेका छौँ । समन्वयात्मक तरिकाले अगाडि बढिरहेका छौँ । डेङ्गु मात्र नभई अरु किटजन्य रोगहरुमा पनि हामीले नियमित अभियान सञ्चालन गरि नै रहेका छौँ ।

**डेङ्गु परीक्षणका लागि किटको उपलब्धता कत्तिको छ ?**
किटको कुरा गर्दा सबैलाई परीक्षण गरेर सकिँदा पनि सकिँदैन । लक्षण देखिएपछि मात्र परीक्षण गर्न आउने हुन्छन् । सबै स्वास्थ्य संस्थामा आवश्यकताअनुसार किट पठाएका छौँ । अभाव भयो भने खरिद प्रक्रियाबाट पनि हामी पूरा गर्छौं ।

**डेङ्गु नियन्त्रणमा कसको बढी जिम्मेवारी छ ?**
हाल ७२ जिल्लामा डेङ्गु पुगिसकेको हुँदा आउदा दिनमा सङ्क्रमण बढ्ने सम्भावना अधिक नै छ । खोज र नष्ट गर्ने अभियान, ¥यापिड रेस्पोन्स टिम, प्रदेश र स्थानीय तहसँगको पनि सजगकताका हिसाबले यस वर्ष महामारी नियन्त्रण गर्ने सकिँदैन भन्ने होइन । बढ्दै जान सक्ला तर बिरामीको सङ्ख्या ह्वात्तै बढ्ने र मृत्यु हुने गरी उपचार गर्ने नसकिने अवस्थामा नपुगौँला भन्ने अपेक्षा गरेका छौँ । तयारी पनि गरेका छौँ । नीतिगत र लजिस्टिकका कुरामा सङ्घको बढी महत्वपूर्ण भूमिका हुन्छ । व्यवस्थापनमा प्रदेश र स्थानीय तहको भूमिका बढी रहन्छ । स्थानीय तहले खोज र नष्ट अभियानमा बढी केन्द्रित रहनुपर्छ । बजेट जहाँजहाँ समस्या बढी हुन्छ भनेर म्यापिङ गरेर सोहीअनुसार बजेट पनि गएको छ । समन्वयात्मक हिसाबले काम अघि बढाएका छौँ ।

**डेङ्गु नियन्त्रणमा तीन तहको समन्वय अभावले रोकथाम हुन नसकिरहेको हो त ?**
एउटाले अर्कालाई दोष दिने कुरा पनि गर्नुहुन्न । हाम्रो जिम्मेवारी समन्वयात्मक हिसाबले जति सकिन्छ गर्ने हो । स्थानीय तहसँग जोड्न पुलका हिसाबमा प्रदेशको भूमिका धेरै हुन्छ । सङ्घबाट हामी महामारी र आपतकालीन अवस्थामा रेस्पोन्स गर्ने जिम्मा इडिसिडीको भएको हुनाले हामीले सातवटै प्रदेशको मन्त्रालय र निर्देशनालयसहित जिल्ला पनि समन्वय गरेर समीक्षा गरेका छौँ । रिपोर्ट ल्याउने कुरामा पनि निरन्तर संवाद हुन्छ । हरेक हप्ता छलफल गरिरहेका छौँ । रिपोर्टिङ पनि नियमित आउँछ भनेर आशावादी छौँ । हरेक पक्षबाट समन्वयलाई गर्न सक्यौँ भने स्वास्थ्य प्रणालीको विकास गर्न सक्छौँ ।

**डेङ्गुबाट बच्न के मा ध्यान पुऱ्याउनुपर्छ ?**
म सुरक्षित छु, मेरो घर सफा छ, पानी पनि त्यस्तो छैन भनेर सुरक्षित भएर ढुक्क बस्नु हुँदैन । वातावरणमा भएका ‘रिस्क फ्याक्टर’ जस्तै बट्टा, टायर, गमलाका फुलदानी, पातमै पानी जम्मा भएर लामखुट्टेले अण्डा पार्न सक्छ । सबैले मिलेर सरसफाइ नियमित गरौँ । परिवारका सदस्यले पनि आफ्नो घरमा नियमित सफाइ गरौँ । अव्यवस्थित सहरी ठाउँमा यसको झन् बढी जोखिम छ । लामखुट्टे घरभित्र नजान दिन जाली, झुलको प्रयोग गर्न सकिन्छ । बाहुला पूरा भएको लुगा लगाउँदा लामखुट्टेले टोक्ने सम्भावना कम हुन्छ । बिहान र साँझ बढी टोक्ने भएकाले सजग रहनुपर्छ । व्यक्तिगत हिसाबमा सबैले जोगिँदा पनि समुदाय जोगिन सक्छ । डेङ्गुबाट बच्नका लागि लक्षण पनि थाहा पाउनुपर्ने हुन्छ । ज्वरो, टाउको दुख्ने, आँखाको गेडी निस्केला जस्तो हुने, हड्डी भाँचिएला जस्तो हुनेलगायत लक्षण देखिन सक्छन् । जटिल भएको खण्डमा स्वास्थ्य संस्था गइहाल्नुपर्छ । राजनीतिकर्मी, के शिक्षक, विद्यालय, सामाजिक अगुवा, सर्वसाधारण सबैको डेङ्गु नियन्त्रणमा भूमिका हुन्छ ।

# संरक्षणको पर्खाइमा मायादेवी सुत्केरीपथ

**लुम्बिनी ।**
बुद्धको जन्मसँग जोडिएको मायादेवी सुत्केरीपथ (लुम्बिनी–तिलौराकोट) मार्ग प्रचारप्रसार, संरक्षण र प्रवद्र्धनको पर्खाइमा रहेको छ । मायादेवी सुत्केरी भएपछि शिशुसहित घर फर्किएको उक्त मार्गको प्रचारप्रसार र संरक्षण नहुँदा ओझेलमा परेको हो । लुम्बिनीको पडरिया गाउँस्थित प्रवेशद्वारभित्र सर्वसाधारणलाई प्रवेशमा रोक लगाएपछि मायादेवी सुत्केरीपथ हुँदै मायादेवी मन्दिरसम्म जाने यात्रुको बाटो बन्द भएको छ । मायादेवी मन्दिरबाट पडरिया, खुनगाई, मनौरी, सिबलवा, बिजुवा, सिसहनिया, दोहनी, निगलिहवा हुँदै तिलौराकोट दरबारसम्मको करिब ३६ किलोमिटर खण्डलाई मायादेवी सुत्केरीपथ भनिन्छ ।

लुम्बिनी विकास कोषले उक्त पथ लुम्बिनी गुरुयोजना विपरीत रहेको भन्दै आवागमन रोक लगाएको हो । पर्यटक तथा सर्वसाधारणलाई प्रवेशमा रोक लगाइएपछि धार्मिक आस्थाका यात्रुमा निराशा उत्पन्न भएको छ । बुद्ध वचनको प्रचारप्रसार संसारभरि भइरहँदा उनको जन्मसँग जोडिएको मायादेवी सुत्केरीपथ (लुम्बिनी–तिलौराकोट) को प्रचारप्रसार र प्रवर्द्धनमा सरोकार भएकाको ध्यान नपुगेको लुम्बिनी सांस्कृतिक नगरपालिका–६ का अभियानकर्ता मेघनाथ आचार्यले गुनासो गरे । ‘विसं २०७७ मङ्सिरमा उक्त मार्ग पछ्याउँदै युनेस्कोका प्रतिनिधि क्रिस्चियन म्यानहर्ट र परामर्शदाता थोमस स्क्रोमले साइकल यात्रामार्फत बुद्ध जन्मस्थल लुम्बिनीबाट गोरेटो, ग्राभेल र कालोपत्र सडक हुँदै चार घण्टामा शाक्य वंशीय राजधानी तिलौराकोट पुग्नुभएको थियो’, उनले भने । लुम्बिनी विकास कोषका तत्कालीन सद्भावना राजदूत एवम् पर्यटनविद् विक्रम पाँडेकाजीले उक्त मार्गलाई ‘पर्यटन प्रोडक्ट’ बनाउने अवधारणा ल्याउनुभएको थियो। ‘बुद्ध गर्भस्थ रहँदा र उहाँको जन्मपछि शिशुसहित माता मायादेवी यही बाटो हुँदै यात्रा गर्नुभएकाले धार्मिक इतिहाससँग यो पथको गहिरो सम्बन्ध छ’, मायादेवी मन्दिरका यसअघिका पुजारी पण्डित योगेन्द्रनाथ पाण्डेले भने, ‘यो पथले मायादेवीको ‘सुत्केरी यात्रा’ सम्झना दिलाउँछ ।’

लुम्बिनीका स्थानीय बौद्ध भिक्षु विवेकानन्दका अनुसार मौर्य सम्राट अशोकले आफ्नो आध्यात्मिक गुरु उपगुप्तको मार्ग दर्शनमा इपू २४९ मा, उनीपछि चिनियाँ यात्रीहरु त्सेग साई (चौथो शताब्दी), फहियान (पाँचौँ शताब्दी) र ह्वेन सांग (सातौँ शताब्दी) यही पथबाट लुम्बिनी प्रवेश गरेको इतिहास छ । ‘सन् १३१२ मा कर्णाली क्षेत्रका राजा रिपु मल्ल पनि यही पथ हुँदै मायादेवी मन्दिर क्षेत्र प्रवेश गर्नुभएको थियो’, उनले भने, ‘अङ्ग्रेज भारतका पुरातात्विक सर्भेयर एलोइस फुहरर (सन् १८९६), पिसी मुखर्जी (सन् १८९९) र भारतीय पुरातत्वविद् श्रीमती देवला मित्राले सन् १९६२ मा लुम्बिनीको अन्वेषण गर्दा खुनगाई र पडरिया गाउँ हुँदै यसै पथबाट बुद्ध जन्मस्थल पुग्नुभएको थियो ।’ लुम्बिनी सांस्कृतिक नगरपालिका–३ पडरिया गाउँस्थित मुख्य प्रवेशद्वारलाई बन्द गरी विकास कोषले संरक्षणमा ध्यान नदिँदा मायादेवी सुत्केरीपथ विस्मृतिको गतिमा जाने खतरा बढेको उनको भनाइ छ । बौद्ध भिक्षु विवेकानन्दले यो पथ भौतिक संरचना मात्र नभई धार्मिक तथा ऐतिहासिक धरोहर पनि भएकाले यसको प्रभावकारी व्यवस्थापन गरी पुनः सञ्चालन गरिनुपर्नेमा जोड दिए ।

लुम्बिनी बचाउ महाअभियानका संयोजक अकरामुद्दिन खाँले धार्मिक तथा सांस्कृतिक आस्थाको केन्द्र मानिएको मायादेवी सुत्केरीपथलाई सरोकार भएकाले संरक्षण र प्रवद्र्धनमा पहल गर्नुपर्नेमा जोड दिए । उक्त मार्ग प्रवेशमा रोक लगाएर बुद्ध जन्मस्थलको प्रचारप्रसार, पर्यटन प्रवर्द्धन, संस्कृति र इतिहासलाई नै ओझेलमा पर्दै गएको उनले बताए ।

‘लुम्बिनी विकास कोषले उक्त पथअन्तर्गत पडरिया गाउँस्थित मुख्य प्रवेशद्वारलाई सर्वसाधारणका साथै धार्मिक यात्रुका लागि खुला राख्नुपर्छ’, संयोजक खाँले भने, ‘यसले पर्यटन प्रवर्द्धन, प्रचारप्रसार हुनाका साथै स्थानीयको आयस्तरमा वृद्धि हुनेछ ।’ सुत्केरी पथको संरक्षण र प्रवद्र्धनका लागि सङ्घीय सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र लुम्बिनी विकास कोषले विशेष योजना, कार्यक्रम र बजेटको व्यवस्था गर्नुपर्नेमा उनले जोड दिए ।

संयोजक खाँले भने, ‘स्थानीयको सहभागिता र सहकार्यबिना संरक्षण कार्यक्रम सफल हुन सक्दैन । तसर्थ, उहाँहरूको प्रत्यक्ष सहभागितामा आधारित योजना बनाएर आवश्यक बजेट विनियोजन गरी संरक्षण र प्रचारप्रसारको पहल गर्नु जरुरी छ ।’ बुद्ध जन्मस्थल लुम्बिनीको गौरव र महिमालाई ध्यानमा राख्दै, सरोकार भएकासँगको सहकार्यमा यो पथको संरक्षण तथा प्रवद्र्धन हुनुपर्ने लुम्बिनी बौद्ध विश्वविद्यालयका सहायक प्राध्यापक गजेन्द्र गुप्ताले बताए । ‘धार्मिक पर्यटकका लागि आकर्षणको केन्द्र बनाउन विभिन्न पर्यटकीय सुविधासहित यसको व्यवस्थापन हुनुपर्छ’, उनले भने, ‘यसले स्थानीयको अर्थतन्त्रलाई टेवा पु¥याउनाका साथै धार्मिक पर्यटकीय सम्भावनालाई वृद्धि गर्नेछ ।’

ऐतिहासिक दस्तावेज र प्रमाणित तथ्यहरूका आधारमा मायादेवी सुत्केरीपथका बारेमा थप अनुसन्धान गर्दै यसको महत्वलाई व्यापक बनाउनुपर्नेमा प्राध्यापक गुप्ताले जोड दिए । ‘यो पथले लुम्बिनीको महत्वलाई अझ् गहिरो बनाउँछ । यसको संरक्षणबाट इतिहास मात्रको संरक्षण नभई विश्वभरका बौद्ध धर्मावलम्बीलाई पनि पवित्र सुत्केरी मार्गको महत्वबारे जानकारी गराउन सक्छौँ ।’

तथागत (बुद्धको एक नाम)ले गृह त्याग गर्दा यही पथको प्रयोग गरी पवित्र अनोमाघाट (अहिलेको लुम्बिनी सांस्कृतिक नगरपालिका–१२ स्थित अजमाघाट)बाट दानव नदी पार गर्दै मावली नगर देवदह र मधगको राजगृह (राजगीर) नगर हुँदै बोधगयासम्म पुगेको सहायक प्राध्यापक गुप्ताको दाबी छ ।

लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यले भने, ‘हामीले कोष क्षेत्रस्थित मायादेवी सुत्केरीपथलाई व्यवस्थापन गर्न विभिन्न योजना बनाएका छौँ । यो पथ ऐतिहासिक र धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण छ, त्यसैले यसको संरक्षण र व्यवस्थापनमा विशेष ध्यान दिएका छौँ ।

यसलाई पर्यावरणीय र पर्यटकीय दृष्टिकोणले पनि संरक्षित राख्ने प्रयास गरिरहेका छौँ ।’ उक्त मार्गको पडरियाबाट मायादेवी मन्दिर खण्डलाई व्यवस्थित गरी आवश्यक पूर्वाधार निर्माण गर्न स्थानीयसँगको समन्वय र सहकार्यमा विकास योजना तयार पारिरहेको उनले जानकारी दिए । ‘योजनाको खाका तयार गरिरहेका छौँ । तीनै तहका सरकारसँग छलफल गरी आवश्यक बजेटको प्रस्ताव गरेका छौँ’, सदस्यसचिव शाक्यले भने, ‘आकर्षक शैलीमा यो पथलाई पुनः निर्माण गर्ने, चारैतिर हरियाली बढाउने, बिरुवा रोप्ने, नियमित सरसफाइ गर्ने, पर्यटकलाई यसको महत्व बुझाउन ठाउँठाउँमा जानकारीमूलक सूचनापाटी राख्नेलगायत काम गर्ने योजना छ ।’ रासस

# २३ अर्ब बढीको खाद्यान्न भित्रियो



**मधेशदृष्टि**
**वीरगंज ।**
मुलुकको प्रमुख भन्सार नाका वीरगंजको आईसिपी भन्सार हुँदै चालु आर्थिक बर्षको ११ महिनामा २३ अर्ब ५ करोड १७ लाख ३६ हजार मुल्य बराबरको धान, चामल, मकै लगायतका खाद्यान्न भित्रिएको छ ।

वीरगंज भन्सार कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार चालु आर्थिक बर्ष २०८०/८१ को साउनदेखि जेठ मसान्त सम्म ८ अर्ब २ करोड ८० लाख ६४ हजार मुल्य बराबरको धान भित्रिएको छ भने सो अवधिमा १ अर्ब ६१ करोड ८४ लाख ५३ हजार मुल्य बराबरको चामल भित्रिएको छ ।

त्यसैगरी आईसिपी भन्सार नाकाबाट सो अवधिमा ७ अर्ब ६४ करोड ४२ लाख ४७ हजार मुल्य बराबरको मकै भित्रिएको वीरगंज भन्सार कार्यालयको तथ्यांकले देखाएको छ । यसैगरी वीरगंज नाकाबाट फापर, कोदोको पिठो लगायतका खाद्यान्न १ अर्ब ५५ करोड ३३ लाख ८४ हजार मुल्य बराबरको भित्रिएको छ भने गहुँ ४ अर्ब २० करोड ६३ लाख मुल्य बराबरको भित्रिएको छ । धान चामल, मकै र गहुँ लगायतका खाद्य सामग्रीबाट वीरगंज भन्सारले १ अर्ब २८ करोड ३७ लाख २४ हजार राजस्व असुली गरेको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए ।

गत वर्ष वीरगंज नाकाबाट सो अवधिमा २० अर्ब ६२ करोड १३ लाख ९८ हजार मुल्य बराबरको धान, चामल, मकै, फापर कोदो तथा गहुँ लगायतका खाद्यान्न भित्रिएको र सो वापत १ अर्ब २२ करोड ६४ लाख २१ हजार राजस्व असुली भएको भन्सार प्रशासक पन्थीले बताए ।

# जिल्ला नेताहरुले छोडे रास्वपा

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेपालका आधा दर्जन जिल्ला नेताहरुले पार्टी परित्यागको घोषणा गरेका छन् । आइतबार उनीहरुले संयुक्त प्रेस विज्ञप्ती जारी गर्दै पार्टी परित्याग गरेका हुन् । रास्वपा चितवन जिल्ला सचिवालय सचिव भुवन खनाल, रवि लामिछाने निर्वाचित भएको क्षेत्रका उपसभापति जगदीश दाहाल, टंकबहादुर हिम्डुङ, निर्मला प्रजा बास्तोला, विकास श्रेष्ठ र श्याम सुन्दर राईले पार्टी परित्यागको घोषणा गरेका हुन् । जनतामा निराशा पैदा गर्ने पुराना राजनीतिक दलहरुको विकल्पमा स्थापना भएको रास्वपाप्रति धेरैको आशा भएपनि पार्टी नेतृत्व सत्तालिप्सा र भागबण्डाको राजनीतिमा केन्द्रित भएपछि बाध्य भएर पार्टी त्याग गरेको उनीहरुले विज्ञप्ती मार्फत भनेका छन् । 'पार्टी सभापति एवम् उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने पत्रकारिता क्षेत्रमा रहँदा राजनीतिज्ञलाई, आफु राजनीतिमा आएपछि सञ्चार क्षेत्रलाई, प्रतिपक्षमा हुँदा सरकारलाई र सरकारमा रहँदा प्रतिपक्षीलाई गाली गर्ने बाहेक केही गर्न सकेनन्' उनीहरुले जारी गरेको विज्ञप्तीमा भनिएको छ । जनताले चिताएको राजनीतिक एजेण्डाजति सबै चुनावी नारामै सिमित हुने भएपछि यस्तो नेतृत्वमुनि रहेर राजनीति गर्न नसुहाएको भन्दै उनीहरुले आजैको मितिदेखि सधारण सदस्य समेत नरहने गरी पार्टी परित्याग गरेको विज्ञप्तीमा उल्लेख गरेका छन् ।

# निर्वाचन प्रक्रियामा जान पत्रकार महासङ्घलाई पूर्वसभापतिहरुको अपिल



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल पत्रकार महासङ्घको निर्वाचनका सन्दर्भमा देखिएको सदस्यतालगायत विवादको समाधान गरी तत्काल निर्वाचन प्रक्रियामा जान महासङ्घका पूर्वसभापतिहरुले अपिल गरेका छन् ।

नेपाल पत्रकार महासङ्घका पूर्वसभापतिहरूले आइतबार वक्तव्य जारी गर्दै महासङ्घका अध्यक्षसहित केन्द्रीय समितिलाई ध्यानाकर्षण गराएको हो । पूर्वसभापतिहरुले नेपाली पत्रकारको साझा र भरोसायोग्य संस्था पत्रकार महासङ्घभित्र पछिल्लो केही दिनयताका काम कारबाही र गतिविधिप्रति गम्भीर चिन्ता र चासो व्यक्त गरेका हुन् । वक्तव्यमा भनिएको छ, 'महासङ्घको साख र मर्यादा कायम गर्न पूर्वसभापति र अध्यक्षहरू आवश्यक सहजीकरण गर्न पछि नपर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ ।' लोकतन्त्रको जगेर्ना, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, श्रमजीवी पत्रकारको हितमा विभिन्न कालखण्डमा महत्वपूर्ण र निर्णायक भूमिका निर्वाह गर्दै आएको नेपालको अगुवा नागरिक संस्था रहेको महासङ्घको केन्द्रीय कार्यालय र जिल्ला तथा प्रदेश कार्यालयमा तालाबन्दी र हुलहुज्जत हुनु दुर्भाग्यपूर्ण र आपत्तिजनक रहेको वक्तव्यमा उल्लेख छ । नेपाल पत्रकार महासङ्घका सदस्यहरूले गर्ने आन्तरिक लोकतन्त्रको अभ्यासमा समस्या देखिएको बहानामा सरकार र राजनीतिक दलहरूले गर्न सक्ने हस्तक्षेप र पार्न सक्ने प्रभावका सम्बन्धमा गम्भीर बन्न महासङ्घका वर्तमान कार्यसमितिलाई पूर्वपदाधिकारीहरुले अपिल गरेका छन् । अपिल गर्ने पूर्वसभापतिहरुमा किशोर नेपाल, सुरेश आचार्य, तारानाथ दाहाल, विष्णु निष्ठुरी र शिव गाउँले छन् ।

> ***'महासङ्घको साख र मर्यादा कायम गर्न पूर्वसभापति र अध्यक्षहरू आवश्यक सहजीकरण गर्न पछि नपर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ ।'***

# देशभर पत्रकार महासंघका शाखामा युनियनले धर्ना दिने

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रेस युनियनले असार १९ गते सोमबारदेखि देशभरको नेपाल पत्रकार महासंघको शाखामा धर्ना दिने भएको छ । युनियनका अध्यक्ष शिव लम्सालको अध्यक्षतामा आइतबार बसेको केन्द्रीय सचिवालय बैठकले केन्द्रीय कार्यालयदेखि प्रदेश समिति र सबै शाखा कार्यालयहरुमा धर्ना दिने निर्णय गरेको हो । महासंघको केन्द्रीय कार्यालय, प्रदेश समितिका कार्यालय र शाखाहरुमा एकै पटक सोमबार विहान ११ बजेदेखि १ बजेसम्म धर्ना दिने कार्यक्रम तय गरेको नेपाल प्रेस युनियनका महासचिव दिलीप पौडेलले बताए । पत्रकार महासंघले आफ्नै संरचना शाखा र प्रदेशले सिफारिस गरेका सदस्य काटेर, चोर बाटोबाट सदस्य थप गरी मतदाता नामावली सार्वजनिक भए पछि प्रेस युनियनले पत्रकार महासंघको केन्द्रीय कार्यालयमा तालाबन्दी गरेर आन्दोलन सुरु गरेको थियो । वार्ता र आन्दोलन सँगसँगै लैजाने नीति अनुरुप धर्ना दिन लागिएको महासचिव पौडेलले जानकारी दिए । प्रेस युनियनले महासंघको विधान विपरित थपिएका गैर पत्रकारलाई सदस्यबाट हटाउनुपर्ने, महासंघकै शाखा, प्रदेशले सिफारिस गरेका र सदस्यता लिने मापदण्ड र योग्यता पुगेर आवेदन दिएका सदस्यको सदस्यता कायम गर्न माग गर्दै आन्दोलन गर्दै आएको छ ।

# २८ लाख बढीको अवैध सामान बरामद





**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी पर्साले विभिन्न स्थानबाट २८ लाख बढिको राजस्व छलेको सामन बरामद गरेको छ । आइतबार प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको चेप्वाईन्ट तथा मोवाईल टोलिले वीरगंज महानगरपालिका –१६ को विभिन्न स्थानबाट भारतबाट अबैध रुपमा भन्सार छली नेपाल तर्फ ल्याउदै गरेको अवस्थामा ना १ ह ९९६० नंम्बरको अटो सहित २१ लाख ६३ हजार ४ सय ६० रुपैयाँ बराबरको किराना, कपडा, मोवाईलको डिस्प्ले, मोटरपाट्स तथा ईलेक्ट्रोनिक्स सामान बरामद गरेको हो । आइतबार नै गुल्म अलौबाट खटिएको मोबाईल गस्ति टोलीले वर्वा तथा अलौ नाकाहरुबाट भारतबाट अवैध रुपमा भन्सार छली ना.२१प.९६२७ र ना.१७ प. ६९२१ नम्बरको मोटरसाइकलहरुमा लोड गरी नेपाल तर्फ ल्याउदै गरेको १ लाख १७ हजार ६० रुपैयाँ बराबरको किराना समान र कपडा नियन्त्रण बरामद गरेको छ । त्यसैगरी बोर्डर आउट पोष्ट सिर्सियाबाट खटिगएको टोलिले भारतबाट अबैध रुपमा भन्सार छली नेपाल तर्फ ल्याउदै गरेको अवस्थामा वीरगंज– २ भगुवाबाट ९० हजार रुपैयाँ बराबरको कपडा बरामद गरेको छ । यता, ड्राईपोर्ट पर्साबाट खटिगएको टोलिले वीरगंज –२५ स्थित सिर्सिया नाकाबाट भारतबाट अवैध रुपमा भन्सार छलि नेपाल तर्फ २८ हजार बराबरको लेडिज टपस् ७२ पिस नियन्त्रणमा लिएको छ । बरामद समान र मोटरसाइलकको मुल्याङ्कन गरी आवश्यक कारवाहिको लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी पर्साले जनाएको छ ।

# मर्यादित तथा सरल शिक्षा पद्धति आवश्यकः साह



**मधेशदृष्टि**
**कलैया ।**
कलैया उपमहानगरपालिकाका २५ जना नवप्रवेशी शिक्षकहरुको 'मेन्टरिङ्ग' सम्पन्न भएको छ । नगर प्रमुख बिनोद साहले मेन्टरिङ्गमा सहभागी शिक्षकहरुलाई आइतबार प्रमाणपत्र वितरण गर्दै मर्यादित र नतिजामुखी शिक्षा प्रदान गर्न आग्रह गरे । प्राथमिक तहबाटै अब्बल विधार्थी उत्पादन गर्न कक्षाकोठामा हुने सिकाई कार्यलाई सरल बनाउन समेत आवश्यक रहेको उनले बताए । कक्षाकोठामा शिक्षकहरुको पढाउने शैली तथा सीपलाई थप प्रभावकारी बनाउन मेन्टरिङ्ग कार्यक्रमको आयोजना गरिएको प्रमुख प्रशासकीय अधिकृत नाथु साहले बताए । कार्यक्रममा नगर शिक्षा समितिका सदस्य मनोज साह कलवार, शिक्षा शाखाका बिजय अधिकारी, मेन्टर शिक्षक तथा नवप्रवेशी २५ जना शिक्षक सहभागी रहेका थिए ।

# आफ्नै फार्मेसी सञ्चालनमा निजी अस्पतालको आनाकानी

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले करिब एक महिना अघि निजी अस्पताललाई आफ्नै फार्मेसी सञ्चालन गर्न दिएको निर्देशन पालनामा अस्पतालहरुले आनाकानी गरेका छन् । महानगरले गत जेठ २३ गते आफू मातहतमा सञ्चालनमा रहेका ५२ वटै निजी अस्पताललाई आफ्नै फार्मेसी सञ्चालनका लागि निर्देशन दिएको थियो । उक्त निर्देशनको पालना गरी अहिलेसम्म कुनैपनि अस्पताल महानगरको स्वस्थ्य विभागमा नआएको विभागका निमित्त प्रमुख सजिना महर्जनले जानकारी दिए ।

महर्जनका अनुसार केही अस्पतालले भने आफ्नै फर्मेसी सञ्चालनका लागि कामपाले दिएको समय सीमा अपुग भएको भन्दै आगामी साउनदेखि सुरु गर्ने जानकारी गराएका छन् । अस्पताले नै फार्मेसी सञ्चालन गर्दा बिरामीहरुलाई उचित मूल्यमा सही औषधी प्राप्त गर्न र विपन्न नागरिकलाई सुपथ मूल्यमा औषधि खरिद गर्न पाउने अधिकार पनि कार्यान्वयनमा सहज हुने महानगरको भनाइ छ । हाल ५२ अस्पतालमध्ये १६ अस्पतालले मात्रै आफ्नो फार्मेसी सञ्चालन गरेका छन् । त्यसैगरी अस्पताल एक व्यक्तिका नाममा र फार्मेसी अर्को व्यक्तिका नाममा सञ्चालन भएका अस्पालहरुको संख्या २८ छ । अन्य बाँकी केहीले फार्मेसीनै सञ्चालन गरेका छैनन् ।

महानगरले गत जेठ २३ गते सार्वजनिक सूचना जारी गर्दै अस्पतालहरुलाई १५ दिनभित्र अनिवार्य रुपमा फार्मेसी सञ्चालन गर्न निर्देशन दिएको थियो । अस्पतालहरुले अन्य व्यक्तिहरुलाई औषधि पसल सञ्चालन गर्न अनुमति दिँदा उपभोक्ताहरु गुणस्तरीय फार्मेसी सेवाबाट बञ्चित भइरहेको भन्दै महानगरले सम्बन्धित अस्पताललाई नै फार्मेसी सञ्चालन गर्न निर्देशन दिएको हो । महानगरले २०७४ सालमा सर्वोच्च अदालतले अस्पताललाई आफ्नो स्वामित्वमा अनिवार्यरुपमा फार्मेसी सेवा सञ्चालन गर्नुपर्ने भनेर गरेको आदेशको पनि स्मरण गराएको छ । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन